वर्ष - १४ अङ्क-१ पूर्णाङ्क- ४६ साउन-असोज २०८१

## समावेश भएका विषयवस्तुहरु


- आर्थिक वर्ष २०८१–८२ को पहिलो त्रैमासिक अवधिको कार्यसम्पादन अवस्था
  - आयोगका बैठक र निर्णय
  - पाठ्यक्रम निर्माण तथा परिमार्जन
  - शैक्षिक योग्यता निर्धारण
  - पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण
  - विज्ञापन प्रकाशन
  - दरखास्त संकलन
  - लिखित परीक्षा सञ्चालन
  - लिखित परीक्षा नतिजा तयारी
  - अन्तर्वार्ता तथा सिफारिस
  - सुरक्षा निकाय तथा संगठित संस्था
  - विभागीय सजाय र परामर्श
  - बढुवा उजुरी सम्बन्धी विवरण
  - परीक्षामा अनियमितता गर्ने उपर कारबाही
  - कर्मचारी व्यवस्थापन
  - बजेट खर्च
- अन्तर्वार्ता
- स्वत: प्रकाशन
- लोक सेवा आयोगको वार्षिक कार्यतालिका



सम्पादक मण्डल :

गीता कुमारी होमेगाई
अध्यक्ष
(सहसचिव)

एकनारायण शर्मा
सदस्य
(उपसचिव)

सविता अधिकारी लामिछाने
सदस्य – सचिव
(शाखा अधिकृत)

# त्रैमासिक गतिविधि सारांश

### आयोग बैठक



- ❑ बैठक संख्या : १४
- ❑ निर्णय संख्या : २६

### शैक्षिक योग्यता निर्धारण

- ❑ योग्यता नयाँ निर्धारण भएका पदहरु: X
- ❑ योग्यता परिमार्जन भएका पदहरु : X

### पाठ्यक्रम

- ❑ पाठ्यक्रम नयाँ निर्माण भएका पदहरु : १
- ❑ पाठ्यक्रम परिमार्जन भएका पदहरु : X

### माग संकलन र प्रतिशत निर्धारण

- ❑ माग संकलन : ६५८
- ❑ प्रतिशत निर्धारण : ६५८

### पदपूर्तिका लागि विज्ञापन र माग

- ❑ विज्ञापन संख्या : २८३
- ❑ अधिकृतस्तर: २८३ सहायकस्तर: ०
- ❑ माग पद संख्या : ६५८
- ❑ अधिकृतस्तर: ६५८ सहायकस्तर: ०

### दरखास्त संकलन

- ❑ जेष्ठता र कार्यसम्पादन : ६
- ❑ कार्यक्षमता मूल्यांकन : ८
- ❑ आयोगको अनलाईन डेटावेसमा संकलन भएका दरखास्त संख्या :- ३१२
- ❑ महिला:४९ पुरुष:२६३

### लिखित परीक्षा

- ❑ परीक्षा सञ्चालन भएको विज्ञापन संख्या : X
- ❑ अप्राविधिक : X प्राविधिक : X
- ❑ उपस्थित उम्मेदवारको संख्या: X
  महिला: X पुरुष: X

### लिखित परीक्षा नतिजा तयारी

- ❑ नतिजा तयार गरिएको विज्ञापन संख्या : ५०
- ❑ दक्ष विज्ञ मनोनयन संख्या : २६८
- ❑ उत्तरपुस्तिका परीक्षण : १६१९५९
  विषयगत : १५०८४६ वस्तुगत : १११३
  OMR : X

### सुरक्षा निकाय तथा संगठित संस्था

- ❑ पदपूर्तिको लागि सहमति प्रदान गरिएका निकाय: ३
- ❑ लिखित परीक्षामा सम्मिलित परीक्षार्थी : ५११७६
  महिला: २१७५६ पुरुष: २९४२०
- ❑ दक्ष विज्ञ मनोनयन संख्या : १४००
- ❑ नतिजा तयार गरिएको विज्ञापन संख्या : १२३
- ❑ उत्तरपुस्तिका परीक्षण :१९०८४८ विषयगत : १३३७१८
  वस्तुगत : ५७०५५ OMR : ७५
- ❑ लिखित परीक्षामा उत्तीर्ण : २५०९
  महिला: ६१४ पुरुष: १८९५

### अन्तर्वार्ता तथा सिफारिस




- ❑ सिफारिस : ५२१
- ❑ प्राविधिक तर्फ : ४९५
  महिला : १११ पुरुष : ३८४
- ❑ अप्राविधिक तर्फ : २६
  महिला : ६ पुरुष: २०

### कर्मचारी व्यवस्थापन

- ❑ सरुवा
  - अन्यत्र निकायबाट आयोगमा : १३ जना
  - आयोग अन्तर्गत : ११ जना
  - आयोगबाट अन्य निकाय : ६ जना
- ❑ अनिवार्य/स्वेच्छिक अवकाश : ३ जना
- ❑ पदोन्नति : २ जना
- ❑ पुरस्कार : १ जना
- ❑ स्वेदश/विदेश भ्रमण : १५ जना
- ❑ तालिम सेमिनार : ६ जना

### विभागीय सजाय र परामर्श

- ❑ सामान्य सजाय सिफारिस : ०
- ❑ विशेष सजाय सिफारिस : १
- ❑ परामर्श प्रदान : ४ वटा निकाय

### अनियमितता उपर कारबाही

- ❑ परीक्षामा अनियमितता गर्ने उपर गरिएको कारबाही : २२ जना
- ❑ महिला : ३ पुरुष : १९ जना

### बजेट खर्च

यस अवधिको खर्च: १४५९७०४७८।६२

# सम्माननीय राष्ट्रपतिज्यूसमक्ष आयोगको पैंसट्ठीऔँ वार्षिक प्रतिवेदन पेश गर्ने क्रममा लोक सेवा आयोगका माननीय अध्यक्ष माधवप्रसाद रेग्मीद्वारा प्रस्तुत विवरण

**सम्माननीय राष्ट्रपतिज्यू,**

विक्रम सम्वत् २००८ साल आषाढ १ गते नेपाल पब्लिक सर्भिस कमिशनको नामबाट स्थापना भएको लोक सेवा आयोगले सोही वर्ष भाद्र १८ गते पहिलो पटक विभिन्न छ पदका लागि विज्ञापन गरेर निजामती सेवामा पदपूर्तिको कार्य प्रारम्भ गरेको हो । नेपालको अन्तरिम शासन विधान, २००७ पछि जारी भएका नेपालका संविधानहरूले समेत निजामती सेवामा रिक्त पदपूर्ति गर्ने जिम्मेवारी लोक सेवा आयोगलाई प्रदान गर्दै आएका छन् । नेपालको संविधानले निजामती सेवाको पद वाहेक नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा र पचास प्रतिशत वा सो भन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकारको स्वामित्व वा नियन्त्रण भएको संस्थान, कम्पनी, बैंक, समिति वा संघीय कानून बमोजिम स्थापित वा नेपाल सरकारद्वारा गठित आयोग, संस्थान, प्राधिकरण, निगम, प्रतिष्ठान, बोर्ड, केन्द्र, परिषद् र यस्तै प्रकृतिको अन्य सङ्गठित संस्थाका रिक्त पदको पूर्तिका लागि उम्मेदवारको लिखित परीक्षा सञ्चालन गर्ने जिम्मेवारीसमेत थप गरेको छ । यसका साथै संविधानमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य संघीय सरकारी सेवा वा पदमा वढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तका विषयमा, कुनै सङ्गठित संस्थाको सेवाका पदमा वढुवा र विभागीय कारवाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा, संघीय निजामती सेवाको शर्त सम्बन्धी कानूनको विषयमा, संघीय निजामती सेवाको पदमा नियुक्ति, बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यबस्था छ ।

नेपालको संविधानको धारा २९४ मा संवैधानिक निकायले आफूले गरेको कामकारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेको छ । संविधानमा व्यवस्था भएबमोजिम लोक सेवा आयोगले विक्रम संवत् २०१६ सालदेखि हरेक वर्ष आफ्नो वार्षिक प्रतिवेदन राष्ट्रप्रमुखसमक्ष पेश गर्दै आएको छ । आयोगबाट आर्थिक वर्ष २०८०/०८१ मा सम्पादन गरिएका कामकारवाही समेटेर प्रस्तुत गरिएको यो प्रतिवेदन संख्यात्मक हिसाबले आयोगको पैंसट्ठीऔँ वार्षिक प्रतिवेदन हो ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

अब म आर्थिक वर्ष २०८०/०८१ को यो वार्षिक प्रतिवेदनमा समावेश गरिएका मुख्य-मुख्य विवरण प्रस्तुत गर्दछु ।

१. आयोगमा आर्थिक वर्ष २०८०/०८१ को अवधिमा निजामती सेवातर्फ विभिन्न सेवा सञ्चालन गर्ने निकायबाट रिक्त पदपूर्तिका लागि माग भए अनुरूप बढुवाबाट ५ सय २६, आन्तरिक प्रतियोगितात्मक परीक्षाबाट १ सय २१, खुला प्रतियोगितात्मक परीक्षाबाट २ सय ६६ र विभिन्न समावेशी समूहबाट ५ सय ४२ गरी जम्मा १ हजार ४ सय ५५ ओटा विज्ञापन तथा बढुवा सूचनाहरू प्रकाशन गरिएको छ । उक्त विज्ञापनबाट बढुवातर्फ (आ.प्र. बाहेक) १ हजार १२,

आन्तरिक प्रतियोगितातर्फ ६ सय २१, खुला प्रतियोगितातर्फ १ हजार ८० तथा महिला, आदिवासी/जनजाति, मधेसी, दलित, अपाङ्ग र पिछडिएको क्षेत्रका समावेशी प्रतियोगितातर्फ जम्मा ९ सय ४७ गरी कुल ३ हजार ६ सय ६० रिक्त पदका लागि दरखास्त माग गरिएको थियो ।

२. प्रतिवेदन अवधिमा निजामती सेवातर्फ प्रकाशित आन्तरिक, खुला तथा समावेशी समूहका विज्ञापनका लागि आयोगको अनलाइन दरखास्त प्रणालीमा कुल ४ लाख ७३ हजार ४ सय ९० दरखास्त प्राप्त भएका छन् । यस अवधिमा नेपालका सबै जिल्लाबाट दरखास्त परेको छ । सबैभन्दा बढी दरखास्त पर्ने पाँच जिल्लाहरू क्रमश: सर्लाही (१८,३२८), धनुषा (१६,६७३), सप्तरी (१६,५१४), महोत्तरी (१५,८३५) र बारा (१५,४२३) रहेका छन् । उक्त पाँच जिल्लाबाट कुल ८२ हजार ७ सय ७३ (१७.४८ प्रतिशत) दरखास्त परेका छन् । त्यस्तै सबैभन्दा न्यून दरखास्त पर्ने ५ जिल्लाहरूमा क्रमश: मनाङ (१०), मुस्ताङ (४९), रसुवा (४५८), रुकुम पूर्व (७३९) र डोल्पा (१,०२४) रहेका छन् । यी जिल्लाबाट कुल २ हजार २ सय ८० अर्थात् कुल दरखास्तको ०.४८ प्रतिशतमात्र दरखास्त परेका छन् । आयोगबाट प्रकाशित निजामती सेवातर्फका १ हजार ४ सय ५५ विज्ञापनमध्ये विभिन्न २४ ओटा विज्ञापनमा कुनैपनि दरखास्त परेनन् ।

३. प्रतिवेदन अवधिमा आयोगले सञ्चालन गरेका विभिन्न परीक्षाका लागि कुल १ हजार ३ सय ३४ सेट परिमार्जित प्रश्नपत्र तयार गरी प्रयोगमा ल्याईएको छ । निजामती सेवातर्फ सञ्चालित विभिन्न लिखित परीक्षाहरूमा ६२ हजार १ सय ५० महिला र ६० हजार ३ पुरूष गरी कुल १ लाख २२ हजार १ सय ५३ उम्मेदवार सम्मिलित भएका छन् । निजामती सेवातर्फ दुई महिला र सात पुरुष तथा सुरक्षा निकाय तथा सङ्गठित संस्थातर्फ पाँच महिला र २४ पुरुष गरी जम्मा ३८ उम्मेदवार परीक्षामा अनियमित काम कारबाही गरे वापत कारबाहीमा परेका छन् ।

४. प्रतिवेदन अवधिमा चार ओटा सुरक्षा निकाय र २६ ओटा सङ्गठित संस्थाका लागि १४ हजार ८ सय ५७ पद पूर्तिका लागि आयोगबाट सहमती प्रदान गरिएको थियो भने सम्बन्धित निकायबाट ७ सय ८५ ओटा विज्ञापन प्रकाशन गरिएका थिए । प्रकाशित विज्ञापनमा कुल ४ लाख ५८ हजार ६ सय ७८ दरखास्त परेका थिए । यस अवधिमा र गत आर्थिक वर्षमा सहमति प्रदान गरिएका समेत कुल ३६ ओटा निकायका ७ सय ४२ ओटा विज्ञापनका लागि लिइएका लिखित परीक्षामा सुरक्षा निकायतर्फ ६६ हजार ९ सय ३५ र सङ्गठित संस्थातर्फ १ लाख ७६ हजार ८ सय ९६ गरी जम्मा २ लाख ४३ हजार ८ सय ३१ जना उम्मेदवारहरू सम्मिलित भएका छन् । लिखित परीक्षामा सुरक्षा निकायतर्फ ८५.५१ प्रतिशत र सङ्गठित संस्थातर्फ ४६.६७ प्रतिशत उम्मेदवारको उपस्थिति रहेको छ । उक्त विज्ञापनका लिखित परीक्षाबाट ९ हजार ६ सय ९६ उम्मेदवार छनौट गरी अन्तर्वार्ताका लागि सम्बन्धित निकायको पदपूर्ति समितिमा पठाईएको छ ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

५. आर्थिक वर्ष २०८०/०८१ को अवधिमा निजामती सेवातर्फ कुल २ हजार ६ सय ८८ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन् । जसमा महिला ७ सय ४४ र पुरूष १ हजार ९ सय ४४ जना रहेका छन् । सबैभन्दा बढी उम्मेदवार सिफारिस हुने पाँच जिल्लामा क्रमश: गुल्मी (१०४), स्याङजा (१०२), सर्लाही (९१), धनुषा (७८) र कञ्चनपुर (७३) रहेका छन् । रसुवा जिल्लाबाट १ जना मात्र उम्मेदवार सिफारिस भएका छन् भने मनाङ र मुस्ताङ जिल्लाबाट कुनै पनि उम्मेदवार सिफारिस हुन सकेनन् । यस वर्ष सिफारिस हुने उम्मेदवारको औसत उमेर २९ वर्ष रहेको छ ।

६. प्रतिवेदन अवधिमा सिफारिस भएका कुल २ हजार ६ सय ८८ उम्मेदवारमध्ये आर्थिक वर्ष २०७८/०७९, २०७९/०८० र ०८०/०८१ मा भएका विज्ञापनबाट क्रमशः ९ सय २, १ हजार ६ सय ३३ र १ सय ५३ उम्मेदवार सिफारिस भएका छन् । कर्मचारी समायोजन लगायत अन्य विषयमा सम्मानित अदालतको आदेशले स्थगित भएका अघिल्ला वर्षका धेरै विज्ञापनको पदपूर्तिको कार्य प्रतिवेदन अवधिमा सूचारू गरी उल्लेख्य संख्यामा उम्मेदवार सिफारिस गरिएको छ ।

७. आर्थिक वर्ष २०८०/०८१ मा विभिन्न छ समावेशी समूहतर्फ कुल ९ सय ४७ पदका लागि विज्ञापन गरिएको छ । प्रतिवेदन अवधिमा आ.व. २०७८/०७९, २०७९/०८० र २०८०/०८१ मा भएका विज्ञापन समेतका परीक्षाबाट कुल १ हजार ६६ जना उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन् । जसमा महिलातर्फ ३ सय ४१, आदिवासी/जनजातितर्फ २ सय ८२, मधेसीतर्फ २ सय ४८, दलिततर्फ १ सय ४, अपाङ्गतर्फ ४९ र पिछडिएको क्षेत्रतर्फ ४२ उम्मेदवार रहेका छन् । प्रतिवेदन अवधि सहित विगत १७ वर्षमा सबै समावेशी समूहबाट गरी कुल २५ हजार २ सय १८ उम्मेदवार स्थायी नियुक्तिका लागि सिफारिस भएका छन् । आर्थिक वर्ष २०८०/०८१ मा सबै समावेशी समूहका उम्मेदवार खुला विज्ञापनतर्फका प्रतिस्पर्धामा समेत सिफारिस भएका छन् ।

८. यस प्रतिवेदन अवधिमा संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८० तथा विभिन्न सङ्गठित संस्थाका कर्मचारी सेवा शर्त सम्बन्धी कानुन र निजामती कर्मचारीलाई दिइने विभागीय सजायसमेत विषयमा विभिन्न निकायका लागि कुल २० ओटा परामर्श प्रदान गरिएको छ । विभिन्न बढुवा समितिहरूबाट बढुवा सम्बन्धी कुल १ सय ८७ ओटा सिफारिस भएकोमा आयोगमा विभिन्न सिफारिसउपर २२ ओटा उजुरी प्राप्त भै उजुरी सम्बन्धी कारबाही पश्चात विभिन्न तीन ओटा बढुवा सिफारिस संशोधन गर्ने गरी निर्णय भएको छ । त्यस्तै राजपत्राङ्कित श्रेणीतर्फ नौ र राजपत्र अनङ्कित श्रेणीतर्फ छ गरी कुल १५ जना निजामती कर्मचारीलाई विभिन्न विभागीय सजाय गर्ने गरी परामर्श प्रदान गरिएको छ ।

९. प्रतिवेदन अवधिमा आयोगको मिति २०८१/३/२० को निर्णयानुसार आर्थिक वर्ष २०८१/०८२ देखि लागु हुने गरी निजामती सेवाका राजपत्रांकित तृतीय श्रेणीी (अप्राविधिक) शाखा अधिकृत वा सो सरह, राजपत्र अनङ्कित प्रथम श्रेणी (अप्राविधिक), नायब सुब्बा वा सो सरह र राजपत्र अनङ्कित द्वितीय श्रेणी (अप्राविधिक), खरिदार वा सो सरह पदका लागि लिइने संयुक्त र एकीकृत परीक्षा प्रणाली अन्तर्गत प्रथम चरणको परीक्षालाई प्रवेश परीक्षाको रुपमा मात्र कायम राखी यस चरणको परीक्षामा प्राप्त गरेको अङ्क द्वितीय चरणको परीक्षामा प्राप्त गरेको अङ्कमा नजोडिने गरी परीक्षा योजनामा सुधार गरिएको छ । साथै नेपाल इञ्जिनियरिङ्ग सेवाको सिभिल समूह अर्न्तगत जनरल, हाइवे, स्यानिटरी, इरिगेशन, हाइड्रोलोजी र बिल्डिङ्ग एण्ड आर्किटेक्ट उपसमूहतर्फ राजपत्रांङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह पदको प्रथम पत्रको परीक्षा संयुक्त हुने गरी परीक्षा योजनामा सुधार गरिएको छ ।

१०. निजामती सेवातर्फ आर्थिक योजना तथा तथ्याङ्क, इञ्जिनियरिङ्ग, कृषि, वन, शिक्षा, विविध सेवा तथा संघीय संसद र स्वास्थ्य सेवाका विभिन्न २ सय २० ओटा पाठ्यक्रमहरू निर्माण एवं परिमार्जन भएका छन् । साथै चार ओटा सुरक्षा निकायका १४ ओटा र १३ ओटा सङ्गठित संस्थाका ३ सय १७ ओटा गरी जम्मा ३ सय ३१ ओटा पाठ्यक्रमहरू स्वीकृत भएका छन् ।

११. आयोगले यस प्रतिवेदनमा विगत तीन वर्षमा आयोगका प्रतिवेदनमार्फत् दिइएका सुझावहरुको कार्यान्वयनको अवस्था उल्लेख गरेको छ । साथै प्रशासनिक संघीयतालाई प्रभावकारी कार्यान्वयन गर्न अविलम्ब संघीय निजामती सेवा ऐन जारी गर्नुपर्ने, निजामती कर्मचारीको सरुवालाई थप व्यवस्थित बनाउन सरुवा नीति तर्जुमा गर्नुपर्ने, संघ, प्रदेश र स्थानीय तहको संगठन संरचना र दरबन्दीको सम्बन्धमा एकिकृत संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्नुपर्ने, लोक सेवा आयोगको पूर्वाधार विकास, प्रशासनिक तथा आर्थिक स्वायतत्ता लगायत विभिन्न १३ ओटा विषयमा सुझाव समेत प्रस्तुत गरेको छ ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

प्रस्तुत प्रतिवेदनमा आयोगको कार्यसम्पादनका आधारहरू, प्रशासनिक तथा वित्तीय स्थिति, विज्ञापन र दरखास्त सम्बन्धी विवरण, परीक्षण प्रविधि, शैक्षिक योग्यता र पाठ्यक्रम निर्धारण सम्बन्धमा आयोगबाट भए गरेका कार्यहरू, परीक्षा सञ्चालन र उत्तरपुस्तिका परीक्षण सम्बन्धी विवरण, अन्तर्वार्ता तथा सिफारिस सम्बन्धी विवरण, समावेशी पदपूर्ति सम्बन्धी विवरण, सुरक्षा निकाय तथा सङ्गठित संस्थाको पदपूर्तिका लागि सञ्चालन भएका लिखित परीक्षा तथा लिखित परीक्षाबाट उम्मेदवार छनौट भएको विवरण, विभिन्न सेवा सम्बन्धी कानूनमा दिइएको परामर्श सम्बन्धी विवरण र बढुवा उजूरीमा आयोगबाट भएका निर्णय सम्बन्धी विवरण समावेश गर्नुका साथै आयोगबाट विगतका प्रतिवेदनमा प्रस्तुत सुझाव कार्यान्वयनको स्थिति तथा निजामती सेवामा गर्नुपर्ने सुधार लगायतका विषयमा सुझावहरू समेत प्रस्तुत गरिएको छ ।

कर्मचारी समायोजनको विषयसहित अन्य विभिन्न कारणले सम्मानित अदालतमा रिट निवेदन परी अदालतको आदेशबाट रोकिएका गत विगत आर्थिक वर्षका विज्ञापनका पदपूर्तिसम्बन्धी

वाँकी कार्य सम्पन्न गर्न समयवद्ध कार्ययोजना निर्माण गरी सोही अनुरुप समयमै कार्यसम्पादन गरिएको छ । फलस्वरुप यस आर्थिक वर्षदेखि आयोगको वार्षिक कार्यतालिका अनुरुप समयमै कार्यसम्पादन नियमित गर्न सम्भव भएको छ ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

नेपालको संविधानले आयोगलाई प्रदान गरेको भूमिकालाई योग्यता, स्वच्छता र निष्पक्षताको मूल मर्म प्रवर्द्धन हुनेगरी आयोगले आफ्ना कामकारवाहीहरू अगाडी वढाइरहेको छ । योग्यता प्रणालीलाई राज्यका हरेक तहमा संस्थागत गर्ने, प्रवर्द्धन गर्ने एवं संबर्द्धन गर्ने कार्यमा आयोगले नेतृत्वदायी ढंगले समन्वयात्मक प्रयत्नहरू जारी राखेको छ । साथै आयोगको गरिमालाई अझ सुदृढ बनाउने, परम्परागत परीक्षा र परीक्षण विधिमा सुधार ल्याउने, विश्वसनीयता बढाउने र गुणस्तरको खोजी गर्ने काममा आयोग योजनावद्ध ढङ्गले अगाडी बढिरहेको छ ।

प्रतिवेदन अवधिमा लोक सेवा आयोग ऐन, २०७९ कार्यान्वयनमा आएको छ । ऐनको प्रभावकारी कार्यान्वयनको लागि आयोगले लोक सेवा आयोग नियमावली, २०७९ र लोक सेवा आयोग (कार्यसञ्चालन) निर्देशिका, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । आयोगले सुरक्षा निकाय, अन्य संघीय सेवा र सङ्गठित संस्थाका पदपूर्तिका लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९ स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । त्यसैगरी सङ्गठित संस्थाको परीक्षा प्रणालीमा सुधार ल्याउन आयोगबाट समान कार्य प्रकृति भएका संस्थाको समान शैक्षिक योग्यता आवश्यक पर्ने पदको लागि एकीकृत परीक्षा प्रणाली सञ्चालन गर्न सकिने सम्भाव्यता अध्ययनको लागि कार्यदल गठन गरी प्रतिवेदनसमेत प्राप्त गरिसकेको छ । आवश्यक कानूनी र व्यवस्थापकीय प्रबन्ध गरी प्रतिवेदनका सुझावहरु कार्यान्वयन गर्नुपर्ने आवश्यकता देखिएको छ ।

**सम्माननीय राष्ट्रपतिज्यू,**

निजामती सेवा, सुरक्षा निकाय तथा सङ्गठित संस्था सहित अन्य सार्वजनिक सेवामा कर्मचारी भर्ना र छनौटको कार्य कुशल ढङ्गले सम्पादन गर्न आयोगले *"योग्य, क्षमतावान र दक्ष जनशक्तिको छनोट र परिचालनमार्फत राष्ट्रको समग्र सम्मुनती"* गर्ने दूरदृष्टि सहितको दोस्रो रणनीतिक योजना (२०७९/०८०-२०८३/०८४) मिति २०७९/८/२६ मा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । रणनीतिक योजनाका देहायबमोजिम चार ओटा लक्ष्य रहेका छन् :

१) उपयुक्त उम्मेदवार छनौट गर्दा योग्यता, स्वच्छता र निष्पक्षता प्रवर्धन गर्नु,

२) उपयुक्त उम्मेदवार छनौट गर्न समसामयिक, वैज्ञानिक परीक्षण विधि अवलम्बन गर्नु,

३) उजुरी सुनुवाइलाई अनुमान योग्य बनाउनु र

४) आयोगको संस्थागत क्षमता सुदृढीकरण तथा कार्यक्षेत्रमुखी प्रवर्द्धनात्मक कार्य विस्तार गर्नु ।

उपरोक्त लक्ष्यहरु हासिल गर्न रणनीतिक योजनामा ९ रणनीति, ३० कार्यनीति र ९० क्रियाकलापहरु पहिचान गरिएको छ । रणनीतिक योजनाका क्रियाकलापहरु प्रभावकारी रुपमा सञ्चालन गर्न रणनीतिक योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोत सुनिश्चितताको लागि नेपाल सरकारसँग आयोगले समन्वय गरिरहेको छ ।

**अन्त्यमा,**

अत्यन्त व्यस्तताका बावजुद लोक सेवा आयोगको वार्षिक प्रतिवेदन पेश गर्ने समय उपलब्ध गराईदिनु भएकोमा सम्माननीय राष्ट्रपतिज्यूसमक्ष हार्दिक आभार प्रकट गर्दछु ।

सम्माननीय राष्ट्रपतिज्यू, सल्लाहकारज्यूहरू, माननीय सदस्यज्यूहरू, राष्ट्रपति कार्यालय तथा आयोगका सचिव एवम् कर्मचारीहरू, सञ्चारकर्मी मित्रहरु र यस कार्यक्रममा उपस्थित सबैमा बडादशैं, दिपावली, म्हपुजा, नेपाल सम्वत ११४५ तथा छठ पर्वको शुभ अवसरमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

**धन्यवाद**

# लोक सेवा आयोगको पैसट्ठीऔं वार्षिक प्रतिवेदनको अवसरमा लिइएको तस्विर



आयोगका माननिय अध्यक्ष माधव प्रसाद रेग्मीज्यूले राष्ट्रपति समक्ष पैसट्ठीऔं वार्षिक प्रतिवेदन बुझाउनुहुँदै



सम्माननीय राष्ट्रपतिज्यूसँग आयोगका पदाधिकारीहरु तथा सचिवज्यूको सामूहिक तस्विर

# आर्थिक वर्ष २०८१-०८२ को पहिलो त्रैमासिक अवधिको कार्यसम्पादन अवस्था

## १. आयोगका बैठक र निर्णय

आर्थिक वर्ष २०८१/०८२ को पहिलो त्रैमासिक अवधिमा १४ पटक बैठक बसी आयोगले देहाय अनुसार कुल २६ वटा निर्णयहरु गरेको छ ।

| निर्णयको विषय | निर्णय सख्या |
|---|---|
| विभागीय सजायको परामर्श | १ |
| बढुवा उजुरी सम्बन्धी | - |
| लिखित परीक्षा, नतिजा र अन्तर्वार्ता | ६ |
| सुरक्षा निकाय तर्फ (पदपूर्ति सहमति) | २ |
| संगठित संस्थातर्फ (पदपूर्ति सहमति) | ५ |
| अनियमितता उपर कारबाही | ४ |
| नीतिनियम सम्बन्धी (परामर्श प्रदान) | २ |
| पाठ्यक्रम तथा मूल्याङ्कन | २ |
| परीक्षण प्रविधि | - |
| सुरक्षा निकाय तथा संगठित संस्था तर्फ | १ |
| विविध (प्रशासन शाखा समेत) | ३ |
| **जम्मा** | २६ |

## २. पाठ्यक्रम तथा मूल्यांकन शाखा

**नयाँ स्वीकृत भएका पाठ्यक्रमहरुको विवरण**

| क.सं. | पद | श्रेणी/तह | सेवा | समूह | उपसमूह | निर्णय मिति | लागू हुने मिति |
|---|---|---|---|---|---|---|---|
| १. | कन्सल्टेण्ट होमियोप्याथी चिकित्सक | नवौं | नेपाल स्वास्थ्य | होमियोप्याथी | - | २०८१/०५/३१ | २०८१/०५/३१ |

## ३. परीक्षण प्रविधि शाखा

**यस त्रैमासिक अवधिमा देहाय बमोजिमका कार्यहरु सम्पन्न भएका छन् ।**

**शैक्षिक योग्यता द्विविधा सम्बन्धी भएका शैक्षिक योग्यता निर्धारण सुझाव समितिको बैठक तथा निर्णयहरुः**

| क.सं | पद | श्रेणी/ तह | सेवा | समूह/ उपसमूह | विद्यमान शैक्षिक योग्यता | निर्णय |
|---|---|---|---|---|---|---|
| १ | कन्सल्टेण्ट निओनेटोलोजिष्ट | नवौं तह, (आ.प्र.) | नेपाल स्वास्थ्य | पेडियाट्रिक/ निओनेटोलोजिष्ट | नेपाल स्वास्थ्य सेवा नियमावली २०५५ को अनुसूची ७ अनुसार "मान्यता प्राप्त शिक्षण संस्थाबाट एम. बी. बी. एस. वा सो सरहको उपाधि प्राप्त गरी निओनेटोलोजीमा स्नातकोत्तर उपाधि प्राप्त वा<br><br>पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त गरी निओनेटोलोजीमा पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह" | पेडियाट्रिक्समा स्नातकोत्तर उत्तीर्ण गरी चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानबाट १ वर्षको Neonatology fellowship लाई तोकिएको योग्यताको रुपमा लिन सकिने नसकिने विषयमा अन्तर्वार्ता तथा सिफारिश शाखाबाट रायको लागी प्राप्त भएकोमा २०८१।०४।२२ गते शैक्षिक योग्यता निर्धारण सुझाव समितिको छलफल बैठकबाट "उम्मेदवारले पेडियाट्रिक्समा स्नातकोत्तर उपाधि प्राप्त गरे पश्चात entrance र exit exam दिई चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठानको निश्चित पाठ्यक्रममा आधारित १ वर्षको Neonatology fellowship पुरा गरेको र नेपाल मेडिकल काउन्सीलले acknowledgement प्रदान गरेकोले सोलाई शैक्षिक योग्यतामा तोकिएको Neonatology पोष्ट ग्राजुयट डिप्लोमा वा सो सरह मान्न सकिने।" निर्णय सिफारिस भएको । |

अन्य विवरण

| क्रसं | विवरण | मिति | स्थान | सहभागि |
|---|---|---|---|---|
| १ | Assessment Center Methodology (ACM) सँग सम्बन्धित विधिहरूको सैद्धान्तिक तथा व्यवहारिक क्षमताको विकास गर्ने उदेश्यले विगतमा तालिम प्राप्त गरेका विज्ञका लागि पुनर्ताजगी र थप नयाँ विज्ञका लागि "Training Program on Personnel Management" विषयक तालिम UNDP को सहकार्यमा सम्पन्न गरिएको | २०८१ श्रावण २९ गतेदेखि भाद्र २० गतेसम्म | हिल्टन होटल, नक्साल, काठमाडौं | समूह १ का ३० जना सहभागि (श्रावन २९ देखि भाद्र ७ सम्म)<br>समूह २ का ३२ जना सहभागि (श्रावन २९ देखि भाद्र ७ सम्म)<br>समूह ३ का ३२ जना सहभागि (भाद्र ९ देखि भाद्र १९ सम्म)<br>समूह ४ का ३० जना सहभागि (भाद्र ९ देखि भाद्र १६ सम्म)<br>समूह ५ का ४१ जना सहभागि (भाद्र १७देखि भाद्र १९ सम्म)<br>समूह ६ का ३० जना सहभागि (भाद्र २०) |

## ४. पदपूर्तिका लागि माग र प्रतिशत निर्धारण

**यस त्रैमासिक अवधिमा पदपूर्तिका लागि देहाय अनुसार माग संकलन र प्रतिशत निर्धारण गरिएको छ ।**

| क्र.सं. | श्रेणी/तह | माग संकलन | प्रतिशत निर्धारण |
|---|---|---|---|
| १ | रा.प. प्रथम | १३२ | १३२ |
| २ | एघारौं | १६ | १६ |
| ३ | रा.प.द्वितीय | ४२७ | ४२७ |
| ४ | नवौं | ८३ | ८३ |
| | **जम्मा** | **६५८** | **६५८** |

## ५. विज्ञापन प्रकाशन

आयोगबाट स्वीकृत कार्यतालिका अनुसार तपसिल बमोजिम प्राविधिक र अप्राविधिक तर्फका पदहरुको विज्ञापन प्रकाशन भएको छ । प्रकाशित विज्ञापन संख्या र विज्ञापित पद संख्या यस प्रकार रहेको छ ।

| श्रेणी/तह | बढुवा | | आ.प्र. | | खुला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | विज्ञापन संख्या | पदसंख्या | विज्ञापन संख्या | पदसंख्या | विज्ञापन संख्या | पदसंख्या | विज्ञापन संख्या | पद संख्या |
| रा.प. प्रथम | ३८ | ८६ | १७ | ३२ | ११ | १४ | ६६ | १३२ |
| एघारौं | ४ | ८ | ७ | ७ | १ | १ | १२ | १६ |
| रा.प.द्वितीय | ६२ | २७५ | २८ | ९९ | ४३ | ५३ | १३३ | ४२७ |
| नवौं | २६ | ३१ | २१ | २७ | २५ | २५ | ७२ | ८३ |
| **जम्मा** | **१३०** | **४००** | **७३** | **१६५** | **८०** | **९३** | **२८३** | **६५८** |

**खुला तथा समावेशीतर्फ**

| किसिम | अप्राविधिक | | प्राविधिक | |
|---|---|---|---|---|
| | **विज्ञापन संख्या** | **पदसंख्या** | **विज्ञापन संख्या** | **पदसंख्या** |
| खुलातर्फ | ११ | २२ | २१ | २१ |
| **समावेशीतर्फ** | | | | |
| महिला | ५ | ६ | १० | १० |
| आ.ज. | ३ | ३ | ९ | ९ |
| मधेसी | ३ | ४ | ८ | ८ |
| दलित | ५ | ५ | ३ | ३ |
| अपा. | - | - | - | - |
| पि.क्षे. | १ | १ | १ | १ |
| **समावेशी जम्मा** | १७ | १९ | ३१ | ३१ |
| **कूल जम्मा** | २८ | ४१ | ५२ | ५२ |

## ६. दरखास्त संकलन

### दरखास्त व्यवस्थापन केन्द्र

आयोग अन्तर्गतको दरखास्त व्यवस्थापन केन्द्रमा यस त्रैमासिक अवधिमा कुल १४ उम्मेदवारहरुबाट बढुवा सम्बन्धी दरखास्त प्राप्त भएका छन् । प्राप्त दरखास्तको श्रेणी/तह अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | श्रेणी/तह | जेष्ठता र कार्यसम्पादनद्वारा हुने बढुवा | कार्यक्षमताको मुल्याङ्कनद्वारा हुने बढुवा | कूल जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | रा.प. प्रथम | ३ | २ | ५ | |
| २ | रा.प. द्वितीय | ७ | ७ | १४ | |
| | जम्मा | ६ | ८ | १९ | |

### अनलाइन दरखास्त प्रणाली

#### श्रेणी/तहगत

आयोगको अनलाइन दरखास्त प्रणाली मार्फत यस त्रैमासिक अवधिमा कूल ३ सय १२ उम्मेदवारहरुबाट दरखास्त प्राप्त भएका छन् । प्राप्त दरखास्तको श्रेणी/तह अनुसारको विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | अप्राविधिक | | प्राविधिक | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | |
| १ | रा.प. प्रथम | १४ | ६४ | - | - | ७८ |
| २ | रा.प. द्वितीय | ३५ | १९७ | - | - | २३२ |
| ३ | नवौं | - | - | ० | २ | २ |
| | जम्मा | ४९ | २६१ | ० | २ | ३१२ |

#### आ.प्र., खुला तथा समावेशीतर्फ

| किसिम | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| आन्तरिक प्रतियोगितातर्फ | १९ | १२० | १३९ |
| खुलातर्फ | १६ | १२१ | १३७ |
| **समावेशीतर्फ** | | | |
| महिला | १० | ० | १० |
| आदिवासी/जनजाति | २ | ८ | १० |
| मधेसी | २ | ५ | ७ |
| दलित | ० | ९ | ९ |
| अपाङ्ग | ० | ० | ० |
| पिछडिएको क्षेत्र | ० | ० | ० |
| **समावेशी जम्मा** | १४ | २२ | ३६ |
| कुल जम्मा | ४९ | २६३ | ३१२ |

#### जिल्लागत विवरण

उम्मेदवारको स्थायी ठेगानामा उल्लेखित जिल्लाका आधारमा प्राप्त दरखास्तहरु विश्लेषण गर्दा यस अवधिमा काठमाडौं, बारा, महोत्तरी, कञ्चनपुर र बागलुङ जिल्लाबाट सबै भन्दा बढी तथा दार्चुला, प्युठान, बर्दिया, रौतहट र सर्लाही जिल्लाबाट सबै भन्दा कम दरखास्त प्राप्त भएको देखिन्छ । दरखास्तको जिल्लागत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| काठमाडौं | २५ | ८ | ३३ |
| बारा | ८ | १२ | २० |
| महोत्तरी | ० | १६ | १६ |
| कञ्चनपुर | ७ | ८ | १५ |
| बागलुङ | ० | १५ | १५ |
| मकवानपुर | ८ | ६ | १४ |
| संखुवासभा | ० | १४ | १४ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| मोरङ | ० | १३ | १३ |
| भोजपुर | ० | १२ | १२ |
| गुल्मी | ० | १० | १० |
| झापा | ० | १० | १० |
| धादिङ | ० | १० | १० |
| रुकुम पश्चिम | ० | १० | १० |
| अर्घाखाँची | ० | ९ | ९ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| तेह्रथुम | ० | ९ | ९ |
| सिन्धुली | ० | ९ | ९ |
| सुनसरी | ० | ९ | ९ |
| दैलेख | ० | ८ | ८ |
| भक्तपुर | ० | ७ | ७ |
| काभ्रेपलाञ्चोक | ० | ६ | ६ |
| खोटाङ | ० | ६ | ६ |
| सोलुखुम्बु | ० | ६ | ६ |
| दाङ | ० | ५ | ५ |
| नवलपरासी पुर्वा | ० | ५ | ५ |
| सुर्खेत | ० | ५ | ५ |
| स्याङ्जा | ० | ४ | ४ |
| कैलाली | ० | ३ | ३ |
| चितवन | ० | ३ | ३ |
| जाजरकोट | ० | ३ | ३ |
| धनकुटा | ० | ३ | ३ |

| जिल्ला | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| पर्वत | ० | ३ | ३ |
| डँडेलधुरा | ० | २ | २ |
| डोटी | ० | २ | २ |
| बैतडी | ० | २ | २ |
| सिरहा | ० | २ | २ |
| अछाम | १ | ० | १ |
| उदयपुर | ० | १ | १ |
| कालिकोट | ० | १ | १ |
| गोरखा | ० | १ | १ |
| दार्चुला | ० | १ | १ |
| प्युठान | ० | १ | १ |
| बर्दिया | ० | १ | १ |
| रौतहट | ० | १ | १ |
| सर्लाही | ० | १ | १ |
| **जम्मा** | **४९** | **२६३** | **३१२** |

**जातिगत विवरण**

उम्मेदवारले दरखास्त पेश गर्दा उल्लेख गरेको जातिगत विवरणका आधारमा दरखास्त फारामको जातिगत वर्गीकरण यस प्रकार रहेको छ ।

| जात/जाति | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ब्राह्मण - पहाड | ७ | १२३ | १३० |
| क्षेत्री | १ | ३८ | ३९ |
| यादव | १३ | ९ | २२ |
| विश्वकर्मा | ० | २१ | २१ |
| नेवाः (नेवार) | २ | १५ | १७ |
| मगर | ९ | ८ | १७ |
| तेली | ० | ११ | ११ |
| याक्थुङ/लिम्बु | ० | ९ | ९ |
| कायस्थ | ० | ८ | ८ |
| कुम्हार | ८ | ० | ८ |
| राई | ८ | ० | ८ |
| ब्राह्मण - तराई | १ | ६ | ७ |
| परियार | ० | ५ | ५ |
| ठकुरी | ० | ३ | ३ |
| मिजार | ० | ३ | ३ |
| कोइरी/कुशवाहा | ० | २ | २ |
| दनुवार | ० | १ | १ |
| मुसलमान | ० | १ | १ |
| **जम्मा** | **४९** | **२६३** | **३१२** |

### प्रदेशगत विवरण

उम्मेदवारको स्थायी ठेगानामा उल्लेखित जिल्लाका आधारमा प्राप्त दरखास्तहरु प्रदेशगत विश्लेषण गर्दा कोशीमा स्थायी बसोबास गर्ने सबैभन्दा बढी र लुम्बिनी तथा सुदूरपश्चिम प्रदेशमा स्थायी बसोबास गर्ने सबैभन्दा कम व्यक्तिले दरखास्त फाराम भरेको पाइएको छ ।

| प्रदेश | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| कोशी प्रदेश | ० | ८३ | ८३ |
| मधेस प्रदेश | ८ | ३२ | ४० |
| बागमती प्रदेश | ३३ | ४९ | ८२ |
| गण्डकी प्रदेश | ० | २८ | २८ |
| लुम्बिनी प्रदेश | ० | २६ | २६ |
| कर्णाली प्रदेश | ० | २७ | २७ |
| सुदूरपश्चिम प्रदेश | ८ | १८ | २६ |
| **जम्मा** | ४९ | २६३ | ३१२ |

## ७. लिखित परीक्षा सञ्चालन

**यस त्रैमासिक अवधिमा कुनै पनि लिखित परीक्षा सञ्चालन नभएको ।**

| श्रेणी/तह | लिखित परीक्षा सम्पन्न भएको विज्ञापन संख्या | | जम्मा |
|---|---|---|---|
| | अप्राविधिक | प्राविधिक | |
| – | – | – | – |
| **जम्मा** | – | – | – |

**यस अवधिमा माथि उल्लेखित विज्ञापनसंग सम्बन्धित लिखित परीक्षामा रहेको उपस्थितिको विवरण यसप्रकार रहेको छ ।**

| श्रेणी/तह | लिखित परीक्षामा उपस्थित उम्मेदवार संख्या | | जम्मा |
|---|---|---|---|
| | महिला | पुरुष | |
| – | – | – | – |
| **जम्मा** | – | – | – |

## ८. लिखित परीक्षा नतिजा तयारी

यस अवधिमा कूल ५० वटा विज्ञापनका लागि २६८ दक्ष/विज्ञ मनोनयन गरिएको छ । जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | दक्ष विज्ञ मनोनयन | नतिजा तयारी |
|---|---|---|---|
| १. | अप्राविधिक | ५२ | १५ |
| २. | प्राविधिक | २१६ | ३५ |
| **जम्मा** | | २६८ | ५० |

यस अवधिमा कुल १,६१,९५९ उत्तरपुस्तिका परीक्षण भएका छन् । जसको वर्गीकृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क्र.सं. | विवरण | अप्राविधिक | प्राविधिक | जम्मा |
|---|---|---|---|---|
| १. | विषयगत | १२७०१८ | २३८२८ | १५०८४६ |
| २. | OMR Sheet | - | - | - |
| ३. | वस्तुगत | २१६४ | ८९४९ | ११११३ |
| **जम्मा** | | १,२९,१८२ | ३२,७७७ | १,६१,९५९ |

## ९. लिखित परीक्षा नतिजा प्रकाशन शाखा

**अन्तर्वार्ताको लागि छनौट**

**यस अवधिमा अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवारको श्रेणी/तह अनुसारको संख्या यस प्रकार रहेको छ**

| श्रेणी/तह | अन्तर्वार्ताको लागि छनौट भएका उम्मेदवार संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | अप्राविधिक | | | प्राविधिक | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| रा.प. प्रथम | - | - | - | - | ३ | ३ |
| रा.प. द्वितीय | | | | | ४ | ४ |
| नवौं | | | | १५ | ६ | २१ |
| रा.प.तृतीय | १८७ | ३३५ | ५२२ | १३९ | ३३८ | ४७७ |
| सातौं/आठौं | - | - | - | ३२ | ५२ | ८४ |
| श्रेणी विहिन | | | | ८४ | ४५५ | ५३९ |
| **जम्मा** | १८७ | ३३५ | ५२२ | २७० | ८५८ | ११२८ |

## १०. अन्तर्वार्ता तथा सिफारिस

**सिफारिस सम्बन्धी विवरण**

**लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारहरुको अन्तर्वार्ता समेतका आधारमा देहायको संख्यामा उम्मेदवार सिफारिस भएका छन्।**

| श्रेणी/तह | सिफारिस भएका उम्मेदवार संख्या | | | | | |
|---|---|---|---|---|---|---|
| | अप्राविधिक | | | प्राविधिक | | |
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| रा.प. द्वितीय | ६ | २० | २६ | ३ | १७ | २० |
| नवौं | - | - | - | १२ | २३ | ३५ |
| रा.प.तृतीय | - | - | - | ५५ | १५६ | २११ |
| श्रेणी विहीन | | | | ४१ | १८७ | २२८ |
| **जम्मा** | ६ | २० | २६ | १११ | ३८३ | ४९४ |

## ११. विज्ञापनदेखि सिफारिससम्मको विस्तृत विवरण

यस त्रैमासिक अवधिमा विज्ञापनदेखि सिफारिस सम्मको श्रेणी/तह अनुसारको संख्यात्मक विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| श्रेणी/तह | विज्ञापित पद संख्या | | संकलन भएको दरखास्त संख्या | | लिखित परीक्षामा सम्मिलित परीक्षार्थी संख्या | | | सिफारिस भएका उम्मेदवार संख्या | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | अप्रा. | प्रा. | अप्रा. | प्रा. | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| रा.प. प्रथम | ८० | ५२ | ७८ | - | - | - | - | - | - | - |
| एघारौं | - | १६ | - | - | - | - | - | - | - | - |
| रा.प. द्वितीय | २४६ | १८१ | २३२ | | - | - | - | ९ | ३७ | ४६ |
| नवौं | - | ८३ | - | २ | - | - | - | १२ | २३ | ३५ |
| रा.प.तृतीय | - | - | - | - | - | - | - | ५५ | १५६ | २११ |
| श्रेणी विहीन | - | - | - | - | - | - | - | ४१ | १८७ | २२८ |
| **जम्मा** | ३२६ | ३३२ | ३१० | २ | ० | ० | ० | ११७ | ४०३ | ५२० |

## १२. सुरक्षा निकाय तथा संगठित संस्थातर्फ

### पदपूर्तिका लागि सहमति प्रदान गरिएका पदहरुको विवरण

यस त्रैमासिक अवधिमा निम्न बमोजिम सुरक्षा निकाय र संगठित संस्थाहरुलाई विज्ञापन प्रकाशन गर्न सहमति प्रदान गरिएको छ।

| क.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | सहमती प्रदान गरिएका जम्मा पद | | तहगत वर्गीकरण | | |
|---|---|---|---|---|---|---|
| | | बढुवाबाट पूर्ति हुने पद | लिखित परीक्षाबाट पूर्ति हुने | अधिकृत स्तर | सहायक स्तर | सहमति प्रदान गरिएको मिति |
| १ | नेपाल राष्ट्र बैंक | ३५ | ७४ | ६७ | ४२ | २०८१-०४-२४ |
| २ | नेपाल धितोपत्र बोर्ड | १ | ७ | २ | ६ | २०८१-०४-३१ |
| ३ | नेपाल आयल निगम | ३२ | ५३ | ६१ | २४ | २०८१-०५-२७ |
| | जम्मा | ६८ | १३४ | १३० | ७२ | |

### लिखित परीक्षामा सम्मिलित परीक्षार्थीको विवरण

यस त्रैमासिक अवधिमा लिखित परीक्षामा सम्मिलित भएका उम्मेदवारको संख्या निम्न बमोजिम रहेको छ ।

| क.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | जम्मा उम्मेदवार संख्या | लिखित परीक्षामासम्मिलित भएका उम्मेदवारको संख्या | | |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा |
| १ | कर्मचारी संचय कोष | ४९६४ | ७८० | ७३१ | १५११ |
| २ | कृषि तथा वन विज्ञान विश्वविद्यालय | २ | ० | १ | १ |
| ३ | कृषि विकास बैंक लिमिटेड | ३०३७४ | ७९३६ | ४९६१ | १२८९७ |
| ४ | त्रिभुवन विश्वविद्यालय सेवा आयोग | ३८६७ | ३६१ | ९४६ | १३०७ |
| ५ | नागरिक लगानी कोष | ४ | २ | २ | ४ |
| ६ | निक्षेप तथा कर्जा सुरक्षण कोष | १३०९ | १९४ | २७४ | ४६८ |
| ७ | निजामती कर्मचारी अस्पताल | ५९५३ | २६०३ | ६१२ | ३२१५ |
| ८ | नेपाल टेलिकम | ४००५२ | ५६१२ | ७७१५ | १३३२७ |
| ९ | नेपाली सेना | ८५५४ | ११०९ | ६८०८ | ७९१७ |
| १० | राष्ट्रिय अनुसन्धान विभाग | १८११६ | २८६५ | ६६३९ | ९५०४ |
| ११ | राष्ट्रिय प्रसारण ग्रिड कम्पनी लिमिटेड | १०२८ | ११९ | ३९८ | ५१७ |
| १२ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | ८८२ | १२८ | १९१ | ३१९ |
| १३ | वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र | २६६ | ३२ | ८२ | ११४ |
| १४ | सशस्त्र प्रहरी बल, नेपाल | ८० | १५ | ६० | ७५ |
| | जम्मा | ११५४५१ | २१७५६ | २९४२० | ५११७६ |

### लिखित परीक्षाको नतिजा तयारी सम्बन्धी विवरण

यस अवधिमा कूल १ सय ३३ वटा विज्ञापनका लागि १ हजार ४ सय विषय विज्ञ वा दक्ष मनोनयन गरिएको छ । कूल १ लाख ९० हजार ८ सय ४८ उत्तरपुस्तिका परीक्षण भएका छन् । जसको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १. | विषयगत | १,३३,७१८ | ७०.०७ |
| २. | OMR Sheet | ७५ | ०.०३ |
| ३. | वस्तुगत | ५७,०५५ | २९.९० |
| | जम्मा | १,९०,८४८ | १०० |

## लिखित परीक्षाको नतिजा प्रकाशन सम्बन्धी विवरण

लिखित परीक्षाहरुबाट देहायको संख्यामा उम्मेदवारहरु छनौट भएका छन् ।

| क्र.सं. | सुरक्षा निकाय तथा संगठित संस्थाको नाम | लिखित परीक्षाबाट छनौट भएका उम्मेदवारको संख्या | | |
|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा |
| १. | नेपाली सेना | १५९ | ७१२ | ८७१ |
| २. | नेपाल प्रहरी | ५० | ३६५ | ४१५ |
| ३. | राष्ट्रिय वाणिज्य बैंक लिमिटेड | १५३ | २१८ | ३७१ |
| ४. | सशस्त्र प्रहरी बल, नेपाल | ४७ | २३६ | २८३ |
| ५. | नेपाल आयल निगम लिमिटेड | २७ | ७६ | १०३ |
| ६. | नेपाल राष्ट्र बैंक | ३७ | ६३ | १०० |
| ७. | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला विकास समिति | ३५ | ५४ | ८९ |
| ८. | सामाजिक सुरक्षा कोष | ३४ | ४६ | ८० |
| ९. | कृषि विकास बैंक लिमिटेड | ३८ | ३७ | ७५ |
| १०. | नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान | ८ | ४४ | ५२ |
| ११. | नेपाल बीमा प्राधिकरण | ९ | १७ | २६ |
| १२. | नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था | ७ | १३ | २० |
| १३. | राष्ट्रिय न्यायिक प्रतिष्ठान | ४ | ५ | ९ |
| १४. | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | १ | ७ | ८ |
| १५. | नागरिक लगानी कोष | २ | १ | ३ |
| १६. | प्रेस काउन्सिल नेपाल | ३ | ० | ३ |
| १७. | कृषि तथा वन विज्ञान विश्वविद्यालय | ० | १ | १ |
| | कुल जम्मा | ६१४ | १८९५ | २५०९ |

## १३. विभागीय सजाय/परामर्श

आयोगबाट यस त्रैमासिक अवधिमा विभागीय सजाय सम्बन्धी भएका निर्णयहरु यस प्रकार रहेका छन् ।

| क्र.सं. | निर्णय नं./निर्णय मिति | कारबाहीको परामर्श दिइएको व्यक्तिको पद र नाम | आयोगबाट भएको निर्णय | सामान्य/ विशेष |
|---|---|---|---|---|
| १ | १८/२०८१/०५/१४ | लेखा अधिकृत, पिताम्बर प्रसाद पोखरेल | भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने | विशेष |

उपर्युक्त निर्णयको वर्गीकृत सारांश देहाय बमोजिम रहेको छ।

| क्र.सं. | सजायको प्रकार | व्यक्तिको संख्या |
|---|---|---|
| **सामान्य सजाय** | | |
| १. | - | - |
| **विशेष सजाय** | | |
| १. | भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गर्ने | १ |
| | **जम्मा** | १ |

विभागीय सजायका लागि परामर्श प्रदान गरिएको लैङ्गिक र तहगत वर्गीकरण:

| क्र.सं. | श्रेणी/तह | सामान्य सजाय | | विशेष सजाय | | जम्मा परामर्श संख्या |
|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | महिला | पुरुष | |
| १. | रा.प.तृतीय श्रेणी | - | - | - | १ | १ |
| | **जम्मा** | - | - | - | १ | १ |

### बढुवा उजुरीसम्बन्धी विवरण

| क्र.सं. | सेवा, समूह | सिफारिस संख्या | उजुरी संख्या | संशोधित संख्या | निर्णयको अवस्था |
|---|---|---|---|---|---|
| १ | नेपाल स्वास्थ्य, नवौं तह, अस्पताल नर्सिङ प्रशासक | २ | १ | ० | निर्णय हुन बाँकी |
| | **जम्मा** | २ | १ | ० | |

### रिट निवेदन सम्बन्धी विवरण

| क्र.सं. | अदालत | संख्या |
|---|---|---|
| १ | सर्वोच्च अदालत | १४ |
| २ | उच्च अदालत | ७ |
| ३ | प्रशासकीय अदालत | ५ |
| | **जम्मा** | २६ |

## १४. परामर्श सम्बन्धी विवरण

यस त्रैमासिक अवधिमा आयोगबाट कर्मचारी सेवा शर्त सम्बन्धी कानून लगायतका विषयमा प्रदान गरिएका परामर्शहरु देहाय बमोजिम रहेका छन् ।

| क्र.सं. | निर्णय नं. र मिति | आयोगबाट प्रदान गरिएको परामर्श |
|---|---|---|
| १ | ६/२०८१/४/१३ | कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठानका कर्मचारीको सेवाको शर्त र सुविधा सम्बन्धी (चौथो संशोधन) नियमावली, २०८० मा परामर्श प्रदान । |
| २ | १४/२०८१/४/२४ | निजामती कर्मचारी अस्पताल (कर्मचारीहरुको सेवाका शर्त र सुविधा) विनियमावली, २०७० को (पाँचौ संशोधन), २०८१ मा परामर्श प्रदान । |
| ३ | २१/२०८१/५/१४ | नेपाल टेलिभिजन संस्थान कर्मचारी सेवा शर्त विनियमावली, २०५५ को नवौं संशोधन, २०८१ मा परामर्श प्रदान । |
| ४ | ३१/२०८१/५/२० | नेपाल विद्युत प्रधिकरण, कर्मचारी सेवा शर्त विनियमावली, २०७५ को (एघारौं संशोधन), २०८१ मा परामर्श प्रदान । |

## १५. परीक्षामा अनियमितता गर्ने उपर आयोगबाट गरिएको कारबाही

तपसीलका परीक्षा केन्द्रबाट सम्मिलित भएका देहाय अनुसारका उम्मेदवारहरुले लोक सेवा आयोग ऐन, २०७९ र आयोगको (कार्यसञ्चालन) निर्देशिका, २०७९ अनुसार परीक्षामा अनियमितता गरेको पाइएकोले देहाय बमोजिम कारबाही गर्ने गरी आयोगबाट निर्णय भएको छ ।

| क्र.सं. | परीक्षार्थीको नाम र ठेगाना | परीक्षार्थीको नागरिकता नं., जारी मिति र जिल्ला | परीक्षा मिति र परीक्षा केन्द्र | निकाय | परीक्षा सञ्चालन गर्ने कार्यालय | विज्ञापन नं., पद, सेवा, समूह, श्रेणी/तह | रोल नं. | बाबु / आमाको नाम | बाजेको नाम | अनियमितता गरेको कार्य | आयोगको निर्णय | निर्णय नं. र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | दिनेश कुमार थापा, दुल्लु-२, दैलेख | ६३-०२-७६-०२६८३, २०७६/०८/१५, दैलेख | २०८१/०३/२९, जन नमूना मा.वि 'ग', सुर्खेत | नेपाल प्रहरी | लोक सेवा आयोग, सुर्खेत कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | ७८४७३ | इन्द्र बहादुर | दिप बहादुर | उल्लिखित परीक्षार्थीको प्रवेशपत्र र नागरिकतामा लालिकाँडा-८, दैलेख बस्ने श्री चक्र बहादुर दमाईको छोरा ना.प्र.नं. ६४-०१-७३-००३४६ का इन्द्र परियारले आफ्नो फोटो टाँस गरी नक्कली परीक्षार्थीको रुपमा परीक्षा दिएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | १. निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (घ) बमोजिम ३(तीन) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने ।<br>२. निजको नाममा नक्कली परीक्षार्थी बनी परीक्षा दिने लालिकाँडा-८, दैलेख बस्ने श्री चक्र बहादुर दमाईको छोरा ना.प्र.नं. ६४-०१-७३-००३४६ का इन्द्र परियारलाई आवश्यक कारवाहीका लागि प्रहरी प्रधान कार्यालयलाई लेखी पठाउने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |

| क्र.सं. | परीक्षार्थीको नाम र ठेगाना | परीक्षार्थीको नागरिकता नं. , जारी मिति र जिल्ला | परीक्षा मिति र परीक्षा केन्द्र | निकाय | परीक्षा सञ्चालन गर्ने कार्यालय | विज्ञापन नं., पद, सेवा, समूह, श्रेणी/तह | रोल नं. | बाबु / आमाको नाम | बाजेको नाम | अनियमितता गरेको कार्य | आयोगको निर्णय | निर्णय नं. र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २. | रमेश चुनारा, नवदुर्गा-४, डडेल्धुरा | ७४-०१-७८-०२१६६, २०७८-०९-२१, डडेल्धुरा | २०८१/०३/२९, कुमालीकोट मा.वि., राजपुर, डोटी | नेपाल प्रहरी | लोक सेवा आयोग, दिपायल कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | १०५३२१ | टिका/मातादेवी | पर्वते | प्रश्नपत्र लिएर गएको र पुन: परीक्षा केन्द्रमा उपस्थित भई फिर्ता गरेको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (ख) बमोजिम १(एक) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |
| ३. | चेतराज न्यौपाने, रामारोशन-४, अछाम | ६९-०१-८०-०५०१५, २०८०/०८/२२, अछाम | २०८१/०३/२९, सुजङ्ग मा.वि.(ख), राजपुर, डोटी | नेपाल प्रहरी | लोक सेवा आयोग, दिपायल कार्यालय | २५ (०८०/८१), प्रहरी जवान(जनपद) | ११२७३७ | धर्मराज/रंगादेवी | टिकाराम | निजले आफ्नो मोवाइलबाट प्रश्नपत्रको फोटो खिची आफ्नो दाजु नरेश न्यौपानेलाई मेसेन्जरमा पठाएको र संवाद भएको देखिएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (क) बमोजिम २(दुई) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |
| ४. | पार्वती जोशी, वुङ्गल-१, बझाङ्ग | ७१-०१-७८-०५६८१, २०७८/१०/२७, बझाङ्ग | २०८१/०३/२९, सुजङ्ज मा.वि.(क), राजपुर, डोटी | नेपाल प्रहरी | लोक सेवा आयोग, दिपायल कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | ११०४७४ | हरिलाल/रुक्मीणा | प्रमानन्द | निजले आफ्नो मोवाइलबाट प्रश्नपत्रको फोटो खिची आफ्नो सहोदर दाजु बसन्त जोशी नामक व्यक्तिलाई मेसेन्जरमा फोटो पठाएको व्यहोरा स्थलगत मुचुल्कामा उल्लेख भएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (क) बमोजिम २(दुई) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |
| ५. | अवधेश कुमार यादव, सिम्रौनगढ-१०, बारा | ३३-०६-७९-००६८५, २०७९-०४-१२, बारा | २०८१/०३/२९, श्री महेन्द्र आदर्श महिला मा.वि. (ख), जलेश्वर | नेपाल प्रहरी | लोक सेवा आयोग, जलेश्वर कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | ३२५९५ | रामजन्म प्रसाद/ सम्भादेवी | देवनारायण | ९८०१६४५४०० मोबाइल नं. भएका देवेन्द्र यादव (तराई कोचिङ्ग सेन्टर) को Whatsapp प्रयोग गरी निजको मोवाइल नं. ९८२२२८९८७५ मा मेसेज गरी उत्तर पठाएको र सो हेरिरहेको पाइएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (क) बमोजिम २(दुई) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२ मिति २०८१/०४/१७ |
| ६. | जितेन्द्र दास ताती, बलानविहुल-३, सप्तरी | १६-०६-८०-०१८३०, २०८०/०८/१४, सप्तरी | २०८१/०३/२९, श्री न्यु मोर्डन मा.वि. (क), जलेश्वर | नेपाल प्रहरी | लोक सेवा आयोग, जलेश्वर कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | २१८४८ | सोभिया/ कारोदेवी | धुरन | फिर्ता गर्नुपर्ने प्रश्नपत्र साथमा लिइ गएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (ख) बमोजिम १ (एक) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |

| क्र.सं. | परीक्षार्थीको नाम र ठेगाना | परीक्षार्थीको नागरिकता नं., जारी मिति र जिल्ला | परीक्षा मिति र परीक्षा केन्द्र | निकाय | परीक्षा सञ्चालन गर्ने कार्यालय | विज्ञापन नं., पद, सेवा, समूह, श्रेणी/तह | रोल नं. | बाबु / आमाको नाम | बाजेको नाम | अनियमितता गरेको कार्य | आयोगको निर्णय | निर्णय नं. र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ७. | सुजित चौधरी, हरिपुर-५, सर्लाही | १९-०१-७८-०५५००,२०७८/०६/०७, सर्लाही | २०८१/०३/२९, श्री एडभान्स लर्नर इ.बो. स्कुल (क), जलेश्वर | नेपाल प्रहरी | लोक सेवा आयोग, जलेश्वर कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | २९०६५ | आशनारायण/ रामकुमारी | मिठु | फिर्ता गर्नुपर्ने प्रश्नपत्र साथमा लिइ गएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (ख) बमोजिम १ (एक) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |
| ८. | नविन कुमार साह, बरहथवा-३, सर्लाही | १९-०६-८०-०२२१०, २०८०-०४-०४, सर्लाही | २०८१/०३/२९, श्री एडभान्स लर्नर इ.बो. स्कुल (क), जलेश्वर | नेपाल प्रहरी | लोक सेवा आयोग, जलेश्वर कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | २९०६७ | असर्फी/रेखा | किसुन | फिर्ता गर्नुपर्ने प्रश्नपत्र साथमा लिइ गएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (ख) बमोजिम १ (एक) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |
| ९. | प्रदिप बस्याल, भेरी गंगा-७, सुर्खेत | ६४-०१-७९-००६२४, २०७९/०२/११, सुर्खेत | २०८१/०३/२९, श्री रत्नराज्य मा.वि.(ख), मध्यबानेश्वर, काठमाडौं | नेपाल प्रहरी | लोक सेवा आयोग, काठमाडौं कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | १३२२४३ | प्रेम बहादुर/बाल कुमारी | बलराम | उल्लिखित उम्मेदवारको प्रवेश पत्रको फोटो परिवर्तन गरी निजको नाममा दिनेश चन्द भन्ने व्यक्ति (परिचय नखुलेको) ले परीक्षा भवनमा उपस्थित भई परीक्षा दिएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको।। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (घ) बमोजिम ३ (तीन) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |
| १०. | रोशन खत्री, भेरी गंगा-७, सुर्खेत | ६४-०१-७८-०७८८६, २०७८/०९/२२, सुर्खेत | २०८१/०३/२९, श्री रत्नराज्य मा.वि.(ख), मध्यबानेश्वर, काठमाडौं | नेपाल प्रहरी | लोक सेवा आयोग, काठमाडौं कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | १३२२४८ | परविर/रुपा | गोरे | उल्लिखित उम्मेदवारको प्रवेश पत्रको फोटो परिवर्तन गरी निजको नाममा पारस बुढा भन्ने व्यक्ति (परिचय नखुलेको) ले परीक्षा भवनमा उपस्थित भई परीक्षा दिएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (घ) बमोजिम ३ (तीन) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |
| ११. | सविर महरा, मार्मा-६, दार्चुला | ७२-०१-८०-०११४१, २०८०/०३/१७, दार्चुला | २०८१/०३/२९, श्री रत्नराज्य मा.वि.(ख), मध्यबानेश्वर, काठमाडौं | नेपाल प्रहरी | लोक सेवा आयोग, काठमाडौं कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | १३२३८७ | उत्तम/कलावती | जगे | उल्लिखित उम्मेदवारको प्रवेश पत्रको फोटो परिवर्तन गरी निजको दाई भन्ने रविन्द्र महरा (परिचय नखुलेको) ले परीक्षा भवनमा उपस्थित भई परीक्षा दिएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (घ) बमोजिम ३ (तीन) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |

| क्र.सं. | परीक्षार्थीको नाम र ठेगाना | परीक्षार्थीको नागरिकता नं. , जारी मिति र जिल्ला | परीक्षा मिति र परीक्षा केन्द्र | निकाय | परीक्षा सञ्चालन गर्ने कार्यालय | विज्ञापन नं., पद, सेवा, समूह, श्रेणी/तह | रोल नं. | बाबु / आमाको नाम | बाजेको नाम | अनियमितता गरेको कार्य | आयोगको निर्णय | निर्णय नं. र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२. | हिक्मत बहादुर थापा, डुङ्गेश्वर-४, दैलेख | ६३-१४-७६-०००११, २०७६-०१-१३, दैलेख | २०८१/०३/२९, श्री टेक्सास कलेज (ख), मित्रपार्क, काठमाडौं | नेपाल प्रहरी | लोक सेवा आयोग, काठमाडौं कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | १३११२६ | हंश बहादुर/ अमृता | अंकत | उल्लिखित उम्मेदवारको प्रवेश पत्रको फोटो परिवर्तन गरी निजको नाममा कञ्चनपुर पूनर्वास न.पा. बस्ने चोक्ता तामाङ्गको छोरा बताउने इशान तामाङ्ग (परिचय नखुलेको) ले परीक्षा भवनमा उपस्थित भई परीक्षा दिएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (घ) बमोजिम ३ (तीन) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |
| १३. | रित शाही ,महावै-६, कालीकोट | ६१-०१-७८-०२८८१, २०७८-०७-२६, कालीकोट | २०८१/०३/२९, श्री टेक्सास कलेज (ख), मित्रपार्क, काठमाडौं | नेपाल प्रहरी | लोक सेवा आयोग, काठमाडौं कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | १३१२७९ | जग्ग बहादुर/ गंगा | रन्दल बहादुर | उल्लिखित उम्मेदवारको प्रवेश पत्रको फोटो परिवर्तन गरी निजको नाममा निजको फुपुको छोरा बताउने अभिषेक शाही ना.प्र.नं.६१-०१-७५-००३१ ले परीक्षा भवनमा उपस्थित भई परीक्षा दिएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (घ) बमोजिम ३ (तीन) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |
| १४. | शर्मिला शाही, छेडागाड-५, जाजरकोट | ६२-०१-७७-०१५७०, २०७७-०७-२३, जाजरकोट | २०८१/०३/२९, श्री विजय स्मारक मा.वि. डिल्लिबजार, काठमाडौं | नेपाल प्रहरी | लोक सेवा आयोग, काठमाडौं कार्यालय | २५ (०८०/८१), प्रहरी जवान (जनपद) | १३२८७८ | जय बहादुर/मन कुमारी | भवु | उल्लिखित उम्मेदवारको प्रवेश पत्रको फोटो परिवर्तन गरी निजको नाममा आफूलाई रमेश सुन्दासको नातिनी, रामकुमार सुन्दासको छोरी बताउने वर्ष १७ की तृप्ति सुन्दासले परीक्षा भवनमा उपस्थित भई परीक्षा दिएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (घ) बमोजिम ३ (तीन) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | ७/०८१-८२, मिति २०८१/०४/१७ |
| १५. | भरत साह, चन्द्रनगर – ७, सर्लाही | १९-०१-७०-०५७७१, २०७०-११-०६, सर्लाही | २०८१/०४/११, टेक्सास कलेज, आइटी ब्लक, मित्रपार्क | कृषि विकास बैंक लिमिटेड | लोक सेवा आयोग, काठमाण्डौं कार्यालय | २३/२०८०-८१, लेखपाल, प्रशासन, सहायक-४ | २३०२३०० | राम बहादुर/पानोदेवी | रामसिरिस्ट | वस्तुगत उत्तरपुस्तिका आफू साथै लिइ गएको । परीक्षा हलमा खटिएका जनशक्तिले थाहा पाई जानकारी गराएपछि तत्काल निज परीक्षार्थीसँग सम्पर्क गर्न खोज्दा निजको मोबाइल फोन अफ रहेको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको । (भोलिपल्ट काठमाण्डौं कार्यालयमा आई उक्त उत्तरपुस्तिका बुझाएको) | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (ख) बमोजिम १(एक) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | निर्णय नं. १३/२०८१-८२ मिति २०८१/०४/२८ |
| १६. | शैलेन्द्र यादव, गुलरिया-३, बर्दिया | ६५-०१-८०-०४२५०, २०८०/०४/२२, बर्दिया | २०८१/०४/१९, श्री मंगल प्रसाद महिला कलेज केन्द्र (क) | नेपाली सेना | लोक सेवा आयोग, दाङ कार्यालय | ०८०/८१/६६, सैन्य | NWG ३४६ | सुरेश कुमार/मैनादेवी | सालिक | परीक्षामा चिट प्रयोग गरी उत्तरपुस्तिकामा लेखेको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (क) बमोजिम २ (दुई) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | निर्णय नं. १३/२०८१-८२ मिति २०८१/०४/२८ |

| क्र.सं. | परीक्षार्थीको नाम र ठेगाना | परीक्षार्थीको नागरिकता नं. , जारी मिति र जिल्ला | परीक्षा मिति र परीक्षा केन्द्र | निकाय | परीक्षा सञ्चालन गर्ने कार्यालय | विज्ञापन नं., पद, सेवा, समूह, श्रेणी/तह | रोल नं. | बाबु / आमाको नाम | बाजेको नाम | अनियमितता गरेको कार्य | आयोगको निर्णय | निर्णय नं. र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १७. | कृष्ण बहादुर थापा, छेडागाड-४, जाजरकोट | ६२-०१-७६-०२२०३, २०७६/०६/०८, जाजरकोट | २०८१/०४/१९, श्री मंगल प्रसाद महिला कलेज केन्द्र (ग) | नेपाली सेना | लोक सेवा आयोग, दाङ कार्यालय | ०८०/८१/६६, सैन्य | NWG १२७९ | जैसिंग/सेतु | विरे | प्रश्नपत्र लिई बाहिर गइ मोबाइल प्रयोग गरी उत्तर सारी ल्याएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (क) बमोजिम २ (दुई) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | निर्णय नं. १३/२०८१-८२ मिति २०८१/०४/२८ |
| १८. | जगदिश कुमार चौधरी, हरिपुर-५, सर्लाही | १९-०१-८०-०११३३, २०८०/०२/०३, सर्लाही | २०८१/०४/१९, श्री एडभान्स लर्नर इ.बो.स्कुल केन्द्र (ख) | नेपाली सेना | लोक सेवा आयोग, जलेश्वर कार्यालय | ०८०/८१/६६, सैन्य | MED ८१६ | आस नारायण/गीता देवी | नेपत | मूल कापीको अन्तिम पाना रफ गर्न भनी च्यातेको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गर्ने। | निर्णय नं. १३/२०८१-८२ मिति २०८१/०४/२८ |
| १९. | प्रवेज आलम शेष, मुखियापट्टी मुसहरमिया -३, धनुषा | १७-०१-७८-२०६८२, २०७८/१२/१४ , धनुषा | २०८१/०४/१९, श्री एडभान्स लर्नर इ.बो.स्कुल केन्द्र (क) | नेपाली सेना | लोक सेवा आयोग, जलेश्वर कार्यालय | ०८०/८१/६६, सैन्य | MED ४८५ | मंगल/स्वेदा | खटर | क्यालकुलेटर प्रयोग गरेको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। (सो परीक्षामा क्यालकुलेटर प्रयोग गर्न नपाउने व्यवस्था रहेको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (क) बमोजिम १ (एक) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | निर्णय नं. १३/२०८१-८२मिति २०८१/०४/२८ |
| २०. | लक्ष्मी सुवेदी, विराटनगर-१, मोरङ | ०५१०६६/८७३८, २०६८-०४-१६, मोरङ | २०८१/०४/१८, आशीर्वाद कलेज सामाखुसी (ख), काठमाण्डौं | कृषि विकास बैंक लिमिटेड | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | १९/२०८०-८१, व्यवसाय सहायक, प्रशासन, तह-४ | १९०२८४३ | अर्जुन/तारा | बालकृष्ण | वस्तुगत उत्तरपुस्तिका (प्रथमपत्र) आफूले लिइ गएको र पछि ल्याएर परीक्षा केन्द्रमा बुझाएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (ख) बमोजिम १(एक) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | निर्णय नं. २०/२०८१-८२ मिति २०८१/०५/२० |
| २१. | शिशिर खतिवडा, हेटौडा-९, मकवानपुर | ३१-०१-७०-०१५८८, २०७०-०२-१२, मकवानपुर | २०८१/०४/१८, वानेश्वर वहुमुखी क्याम्पस (क), काठमाण्डौं | कृषि विकास बैंक लिमिटेड | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | १९/२०८०-८१, व्यवसाय सहायक, प्रशासन, तह-४ | १९०५७०७ | रामशरण/ मन्जुकुमारी | शेर बहादुर | वस्तुगत उत्तरपुस्तिका आफू साथै लिइ गएको । फोनबाट सम्पर्क गर्दा ४:५६ मिनेटमा कार्यालयमा फिर्ता गरेको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (ख) बमोजिम १(एक) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | निर्णय नं. २०/२०८१-८२ मिति २०८१/०५/२० |

| क्र.सं. | परीक्षार्थीको नाम र ठेगाना | परीक्षार्थीको नागरिकता नं., जारी मिति र जिल्ला | परीक्षा मिति र परीक्षा केन्द्र | निकाय | परीक्षा सञ्चालन गर्ने कार्यालय | विज्ञापन नं., पद, सेवा, समूह, श्रेणी/तह | रोल नं. | बाबु / आमाको नाम | बाजेको नाम | अनियमितता गरेको कार्य | आयोगको निर्णय | निर्णय नं. र मिति |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २२. | केशव कुमार साह, राजविराज-०५, सप्तरी | ९६-०१-७३-०९५२१, २०७३-०२-०५, सप्तरी | २०८१/०५/०८, नेपाल युवक मा.वि. (ख), काठमाण्डौं | नेपाल टेलिकम | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | ६१/२०८०-८१, सहायक प्रशासकीय अधिकृत, प्रशासन, तह-६ | ८७९ | शिव शंकर प्रसाद/ हिरावती कुमारी | बौवा लाल | परीक्षा समाप्त पश्चात फिर्ता गर्नुपर्ने प्रश्नपत्र (वस्तुगत) फिर्ता नगरी आफ्नै साथमा लिइ गएको। फोन गरी बोलाइए पश्चात ५:०६ बजे फिर्ता ल्याइ बुझाएको भन्ने व्यहोरा सम्बन्धित परीक्षा केन्द्रबाट प्राप्त मुचुल्कामा उल्लेख भई आएको। | निजको उक्त विज्ञापनको लिखित परीक्षा रद्द गरी आयोगबाट सञ्चालन हुने कुनै पनि लिखित परीक्षामा लोक सेवा आयोग ऐन, २०७९ को दफा ४१ को उपदफा २ को खण्ड (ख) बमोजिम १(एक) वर्ष सम्म सामेल हुन नपाउने गरी निलम्बन गर्ने। | निर्णय नं. २०/२०८१-८२ मिति २०८१/०५/२० |

परीक्षामा अनियमितता गर्ने उम्मेदवारको लैङ्गिक तथ्याङ्क यस प्रकार रहेको छ ।

| क्र.सं. | लिङ्ग | संख्या |
|---|---|---|
| १. | महिला | ३ |
| २. | पुरुष | १९ |
| जम्मा | | २२ |

## १६. कर्मचारी व्यवस्थापन

### (१) सरुवा

#### (क) अन्य निकायबाट आयोग वा अन्तर्गत सरुवा तथा पदस्थापन

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा गर्ने निकाय | सरुवा/पदस्थापना गरिएको निकाय | सरुवा/ पदस्थापन निर्णय मिति | आयोगमा पदस्थापना भएको मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | नायब सुब्बा | श्री राम कुमार खतिवडा | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, धनकुटा कार्यालय | २०८१/४/३ | २०८१/४/८ | |
| २ | सचिव | श्री डिल्लीराम शर्मा | राष्ट्रपतिको कार्यालय | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | २०८१/४/१४ | २०८१/४/१७ | |
| ३ | नायब सुब्बा | श्री रिजन पोखेल | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | लोक सेवा आयोग, खोटाङ कार्यालय | २०८१/४/१८ | २०८१/४/२४ | |
| ४ | सहसचिव | श्री राम कुमार महतो | भन्सार विभाग | लोक सेवा आयोग, धनकुटा कार्यालय | २०८१/०४/३१ | २०८१/६/२ | |
| ५ | शाखा अधिकृत | श्री शालिकराम फुयाल | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | लोक सेवा आयोग, दिपायल कार्यालय | २०८१/४/२७ | २०८१/५/५ | |
| ६ | उपसचिव | श्री राजकुमार अधिकारी | गुजरा नगरपालिका, रौतहट | लोक सेवा आयोग, दिपायल कार्यालय | २०८१/४/२३ | २०८१/५/५ | |
| ७ | शाखा अधिकृत | श्री रमेश घिमिरे | जिल्ला समन्वय समितिको कार्यालय, रामेछाप | लोक सेवा आयोग, दाङ कार्यालय | २०८१/५/१७ | २०८१/५/२६ | |
| ८ | नायब सुब्बा | श्री कुलमान श्रेष्ठ | जिल्ला प्रशासन कार्यालय, तेह्रथुम | लोक सेवा आयोग, बागलुङ कार्यालय | २०८१/५/१६ | २०८१/५/२५ | |
| ९ | उपसचिव | श्री खुबी राम पोखेल | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (अतिरिक्त समूह) | लोक सेवा आयोग, बागलुङ कार्यालय | २०८१/५/२८ | २०८१/६/२ | |
| १० | शाखा अधिकृत | श्री योगेश नेपाल | आमचोक गाउँपालिका, भोजपुर | लोक सेवा आयोग, खोटाङ कार्यालय | २०८१/६/१४ | २०८१/६/२० | |
| ११ | शाखा अधिकृत | श्री सरस्वती सापकोटा | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कर्णाली प्रदेश | लोक सेवा आयोग, सुर्खेत कार्यालय | २०८१/६/८ | २०८१/६/२० | |
| १२ | सहसचिव | श्री पुरुषोत्तम शर्मा | आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेश | लोक सेवा आयोग, बुटवल कार्यालय | २०८१/५/२७ | २०८१/६/१५ | |
| १३ | मनोविज्ञानवेत्ता | श्री सलोनिका न्यौपाने | शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | २०८१/६/४ | २०८१/६/२२ | |

#### (ख) आयोगबाट आयोग अन्तर्गत सरुवा तथा पदस्थापना

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | साविक कार्यरत निकाय | सरुवा/पदस्थापना गरिएको निकाय | सरुवा/पदस्थापन निर्णय मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | नायब सुब्बा | श्री विनोद सुन्दास | दिपायल कार्यालय | जलेश्वर कार्यालय | २०८१/४/४ | कामकाज |
| २ | उपसचिव | श्री बाबु कृष्ण ढकाल | दिपायल कार्यालय | महेन्द्रनगर कार्यालय | २०८१/४/४ | कामकाज |
| ४ | उपसचिव | श्री दिपक कोइराला | बागलुङ कार्यालय | बुटवल कार्यालय | २०८१/४/२७ | कामकाज |
| ५ | शाखा अधिकृत | श्री कृष्ण बस्याल | दिपायल कार्यालय | महेन्द्रनगर कार्यालय | २०८१/४/२७ | कामकाज |
| ६ | सहसचिव | श्री सन्तोषप्रसाद दाहाल | जलेश्वर कार्यालय | काठमाडौं कार्यालय | २०८१/५/२ | कामकाज |
| ७ | सहसचिव | श्री तुलसीनाथ गौतम | श्री धनकुटा कार्यालय | जलेश्वर कार्यालय | २०८१/५/२ | कामकाज |
| ८ | सहसचिव | श्री तेजप्रसाद दाहाल | काठमाडौं कार्यालय | पोखरा कार्यालय | २०८१/५/२ | कामकाज |
| ९ | शाखा अधिकृत | श्री मिलन राई | सुर्खेत कार्यालय | केन्द्रीय कार्यालय | २०८१/५/२६ | कामकाज |
| १० | शाखा अधिकृत | श्री सुनिता अधिकारी | केन्द्रीय कार्यालय | काठमाडौं कार्यालय | २०८१/५/२६ | कामकाज |
| ११ | शाखा अधिकृत | श्री सुनिता शर्मा | काठमाडौं कार्यालय | केन्द्रीय कार्यालय | २०८१/५/२६ | कामकाज |

### (ग) आयोगबाट अन्यत्र निकायमा सरुवा

| क्र.सं. | पद | कर्मचारीको नाम, थर | सरुवा भएको निकाय | निर्णय मिति | रमाना मिति |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | श्री भरत खनाल | तुर्माखाँद गाउँपालिका, अछाम | २०८१/४/११ | २०८१/४/१५ |
| २ | सचिव | श्री राजकुमार श्रेष्ठ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | २०८१/४/१४ | २०८१/४/१६ |
| ३ | कम्प्युटर अपरेटर | श्री सनोज कुमार विश्वास | राजश्व न्यायधिकरण, विराटनगर | २०८१/४/१८ | २०८१/४/३० |
| ४ | सहसचिव | श्री गोपीकृष्ण कोइराला | अर्थ मन्त्रालय | २०८१/०४/३१ | २०८१/५/१ |
| ५ | उपसचिव | श्री देवी प्रसाद सुवेदी | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८१/५/३१ | २०८१/६/११ |
| ६ | शाखा अधिकृत | श्री गोपाल शर्मा | सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय | २०८१/६/१४ | २०८१/६/१६ |

### (२) अनिवार्य/स्वेच्छिक अवकाश

| क्र.सं. | पद | श्रेणी | कर्मचारीको नाम, थर | अवकाश मिति | अवकाश भएको कार्यालय | अनिवार्य/स्वेच्छिक |
|---|---|---|---|---|---|---|
| १ | नायब सुब्बा | रा.प.अनं. प्रथम | श्री भगत प्रसाद आचार्य | २०८१/४/२१ | लोक सेवा आयोग, खोटाङ कार्यालय | अनिवार्य |
| २ | शाखा अधिकृत | रा.प.तृतीय | श्री राम प्रसाद आचार्य | २०८१/५/१९ | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | अनिवार्य |
| ३ | सहसचिव | रा.प.प्रथम | श्री श्याम बहादुर थापा क्षेत्री | २०८१/६/१७ | लोक सेवा आयोग, बुटवल कार्यालय | अनिवार्य |

### (३) पदोन्नति

| क्र.सं. | पद | पदोन्नति भएको पद | कर्मचरीको नाम, थर | निकाय | निर्णय मिति | रमाना मिति |
|---|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | उपसचिव | श्री बासुदेव भण्डारी | श्री सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (अतिरिक्त समूह) । | २०८१/४/३ | २०८१/४/४ |
| २ | कार्यालय सहयोगी | श्रेणी विहीन, पाँचौस्तर | श्री अर्जुन महर्जन | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | २०८१/४/३२ | - |

### (४) तालिम/सेमिनार सम्बन्धी विवरण

| क्र.सं | पद | कर्मचारीको नाम, थर | तालिम/सेमिनारको विषय | तालिम दिने संस्था | तालिम अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| १ | शाखा अधिकृत | श्री सुशीला गौतम | Professional Course Management and Development (PCMD) | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर | २०८१/४/१६ | २०८१/५/३१ |
| २ | शाखा अधिकृत | श्री विदुर गौतम | Professional Course Management and Development (PCMD) | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर | २०८१/४/२८ | २०८१/६/११ |
| ३ | शाखा अधिकृत | श्री मदन बजगाँई | Professional Course Management and Development (PCMD) | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर | २०८१/४/२८ | २०८१/६/११ |
| ४ | शाखा अधिकृत | श्री कल्पना दाहाल | Professional Course Management and Development (PCMD) | नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर | २०८१/४/२८ | २०८१/६/११ |
| ५ | कम्प्युटर अपरेटर | श्री सिजन रेग्मी | कार्यालय सञ्चालन तथा व्यवस्थापन विषयक सेवाकालीन प्रशिक्षण | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर | २०८१/५/५ | २०८१/६/११ |
| ६ | नायब सुब्बा | श्री रोमनाथ रेग्मी | कार्यालय सञ्चालन तथा व्यवस्थापन विषयक सेवाकालीन प्रशिक्षण | स्थानीय विकास प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर | २०८१/५/५ | २०८१/६/११ |

### (५) पुरस्कार सम्बन्धी विवरण

| क्र.सं. | पद | श्रेणी | कर्मचारीको नाम, थर | कार्यालय | कैफियत |
|---|---|---|---|---|---|
| १ | शाखा अधिकृत | राजपत्राङ्कित तृतीय | प्रेम कुमार पोखरेल | लोक सेवा आयोग, केन्द्रीय कार्यालय | निजामती सेवा पुरस्कार |

### (६) आयोगका पदाधिकारी तथा कर्मचारीहरुको स्वेदश तथा विदेश भ्रमण

| क्र.सं. | पद | नाम, थर | तालिमको विषय | सहभागी भएको | निर्णय मिति |
|---|---|---|---|---|---|
| १ | मा. अध्यक्ष | श्री माधव प्रसाद रेग्मी | अध्ययन/भ्रमण तथा क्षमता अभिवृद्धि कार्यक्रम, बेलायत | सन् २०२४ सेप्टेम्बर २१-३० | २०८१/४/२२ |
| २ | मा. सदस्य | श्री माधव बेल्बासे | | | |
| ३ | मा. सदस्य | श्री वीरबहादुर राई | | | |
| ४ | मा. सदस्य | श्री दिनेश सिलवाल | | | |
| ५ | मा. सदस्य | श्री मन्जु कुमारी | | | |
| ६ | सचिव | श्री डिल्लीराम शर्मा | | | |
| ७ | मुख्य मनोविज्ञानवेत्ता | डा.खगेन्द्रप्रसाद सुवेदी | | | |
| ८ | पाठ्यक्रम विज्ञ | श्री कृष्ण जि.सी. | | | |
| ९ | उपसचिव | श्री उमेशकुमार पोखरेल | | | |
| १० | उपसचिव | श्री सुशीला पौडेल (ढकाल) | | | |
| ११ | शाखा अधिकृत | श्री यमुना सापकोटा | Training Course on Ceramic Technology for the BRI Countries, China | सन् २०२४ सेप्टेम्बर ०३-२३ | २०८१/४/२७ |
| १२ | कम्प्युटर इन्जिनियर | श्री शम्भु कुमार झा | Training Course on Rural Waste Water Treatment Technology for Developing Countries, China | सन् २०२४ सेप्टेम्बर ०५-२५ | |
| १३ | शाखा अधिकृत | श्री सुशिला गौतम | Seminar on Wind Energy Technology for Developing Countries, China | सन् २०२४ सेप्टेम्बर १३-२६ | |
| १४ | शाखा अधिकृत (शिक्षा) | श्री गोविन्दप्रसाद पौडेल | Seminar of Procedures for Products Exported to China and Inspection and Quarantine for Officers from Developing Countries, China | सन् २०२४ अक्टोबर २३- नोभेम्बर ०५ | २०८१/५/२७ |
| १५ | मनोविज्ञानवेत्ता | श्री भाषा कोइराला | Seminar on Optimizing Investment and Business Environment for Developing Countries, China | सन् २०२४ अक्टोबर ३०- नोभेम्बर १२ | |

### (७) भौतिक कार्य सम्बन्धी प्रगति विवरण:

### (८) कर्मचारीलाई दिइएको अध्ययन र असाधारण बिदाको विवरण:

### (९) समवेदना:

## १७. बजेट खर्च

यस त्रैमासिक अवधिमा आयोगको कार्यसम्पादनका लागि भएको खर्चको अवस्था यस प्रकार रहेको छ।

| क्र.सं. | २०८१ साउन देखि असोज मसान्त सम्मको खर्च | रकम (रु.) |
|---|---|---|
| १. | चालु खर्च | १४५५३५३३४.६२ |
| २. | पुँजीगत खर्च | ४३५१४४.०० |
| | **जम्मा खर्च** | १४५९७०४७८.६२ |

# १८. अन्तर्वार्ता

**राजपत्रांकित द्वितीय श्रेणी, उपसचिव वा सो सरह पदको प्रतिस्पर्धात्मक परीक्षामा नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूहको खुला प्रतियोगितात्मक परीक्षाबाट प्रथम स्थानमा सिफारिस हुनुभएका उम्मेदवार श्री पर्शुराम पोखरेलसंग लिइएको अन्तर्वार्ताः**



१. **सर्वप्रथम त निजामती सेवाको राजपत्राङ्कित द्वितिय श्रेणी, उपसचिव पदमा खुला प्रतिस्पर्धाबाट प्रथम स्थानमा छनौट हुनुभएकोमा तपाईलाई हार्दिक बधाई छ । लोक सेवा आयोगले संचालन गर्ने प्रतिस्पर्धात्मक परीक्षामा छनौट हुन पाठ्यक्रममा निर्दिष्ट गरिएका र अन्य सान्दर्भिक विषयवस्तुहरुको अध्ययन तथा तयारी कसरी गर्नुभएको थियो ?**

धन्यवाद ! शुभेच्छा, हौसला र सदिक्षा प्रकट गर्नु हुने सवैप्रति सम्मान प्रकट गर्न चाहान्छु । लोक सेवा आयोग प्रतिको विश्वास र आत्मवलसंगै निर्धारित पाठ्यक्रम र यससंग सम्वन्धित विषयवस्तुलाई नियमित अध्ययन गरें। सेवाभित्र छिरेपछि माथिल्लो पदमा पुग्ने अभिलाषा र चाहना त जोकोही कर्मचारीको पनि हुन्छ ! म पनि त्यसैका लागि नियमित अध्ययन, लेखन र परिक्षाको दौडमा थिएँ, जसका लागि आवश्यक सामाग्रीको संकलन, तथ्य तथ्यांकसहितको सरकारी अध्यान प्रतिवेदन पढ्ने, सारांश तयार गर्ने पत्रपत्रिका अध्ययन गर्ने, पढेका कुरालाई विश्लेषण सहितको अभ्यास गर्ने, पुराना प्रश्नहरुको Key note तयार गरी समयसारणी बनाई अभ्यास गर्ने र सबै चरणका परीक्षालाई सन्तुलन मिलाई प्रस्तुत गर्नु नै मेरा लागि सफलता प्राप्त गर्ने आधार बन्यो।

२. **तपाईंको अनुभवमा परीक्षाको समयमा प्रश्नहरुको उत्तर कसरी लेख्न उपयुक्त हुन्छ ? आफ्नो अनुभवको आधारमा लोक सेवा आयोगको तयारीमा रहेका उम्मेदवारहरुलाई के सुझाव दिनुहुन्छ ?**

लोक सेवा आयोगले लिने उप-सचिवस्तरको परीक्षा विषयवस्तुको गहन विश्लेषण सहितको लेखाई हो भन्ने मेरो बुझाई रहेको छ । मेरो आफ्नो अनुभव र सफलताले परीक्षाको समयमा उपलब्ध समय व्यवस्थापन गर्नु नै सबैभन्दा ठूलो सफलता हासिल गर्ने आधार हो । दिएको समयमा सबै प्रश्नहरू उत्तिकै महत्वपूर्ण हुने हुदाँ धेरै लेख्नु भन्दा पनि प्रश्नहरुलाई वर्गिकरण गरी तथ्य परक र अंग पुऱ्याएर (विषयवस्तुको परिचयदेखी निष्कर्षसम्म) लेख्नु उत्तम हुन्छ । प्रश्नको उत्तर यहि नै हो भन्ने त्यस्तो सुत्र त छैन, तर मेरो अनुभवले सिकाई बुझाई र लेखाईको प्रतिफल प्राप्त गर्ने आधार हो भन्ने निष्कर्षमा पुगेको छु । नियमित अध्ययन र अध्ययनसंगै लेखाईले आफूलाई परिष्कृत बनाई (Confidence) बनाउँछ। एउटै विषयको विशिष्टता भन्दा पनि प्रशासन सेवा आफैमा सबैको साझा सेवा भएकोले लेखाईमा सन्तुलन र तथ्यपरक विश्लेषण सहितको प्रस्तुती नै सफल हुने आधार हो भन्ने लाग्दछ । उपसचिवको तयारीमा लाग्नु भएका सहकर्मी साथीहरुलगायत परिक्षाको तयारीमा रहनु भएका उम्मेदवारहरुले नियमित अध्ययन, लेखाई, लगनशिलता र आफैप्रतिको आत्मविश्वास अभिवृद्धि गरी सहकर्मी बीचको छलफल अन्तरक्रिया र तथ्यपरक लेखाईमा जोड दिन सुझाव दिन्छु ।

३. **प्रतिस्पर्धात्मक परीक्षामा तपाईंले आफूलाई सबैभन्दा अब्बल सावित गर्नका लागि गर्नुभएका प्रयासहरुको बारेमा छोटो जानकारी दिनुहोस् । तपाईंलाई यस प्रकारको सफलता प्राप्त गर्न के-कस्ता कुराहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए ? यस सम्वन्धमा केही बताईदिनुहुन्छ कि ?**

लोकसेवा आयोगले लिने हरेक परीक्षा उत्तिकै महत्वपूर्ण हुन्छन् । जहाँसम्म मैले प्राप्त गरेको सफलतामा मेरो निरन्तर अध्ययन लगनशिलता, परिश्रम र आफैंप्रतिको आत्मविश्वास हो । परिक्षाका दौरानमा विगतका प्रश्नहरुको आफैले हल गर्ने समय व्यवस्थापनमा विशेष जोड दिने, आफैले आफ्ना लागि प्रश्न बनाउने, समसामयीक विषयमा तर्कसंगत विश्लेषण गरी तार्किक समाधान (Solution) वनाउने, सरकारी प्रतिवेदन निरन्तर पढ्ने र आफुले लेखेको आफै मूल्याङ्कन गरी सुधार गर्ने गर्थे । संवैधानिक आयोगका Report (प्रतिवेदन) लाई खोजी-खोजी पढें । परिक्षामा सहभागी भएपछि उत्तीर्ण हुने आस त जुनसुकै परीक्षार्थीलाई हुन्छ नै मलाई पनि नहुने कुरै भएन । असफलताबाट सिकेको र आफ्नै लेखाईलाई पटक-पटक सुधार गर्दै आफैप्रति आत्मविश्वास, निरन्तर लेखाईसंगै तथ्यलाई विश्लेषण सहित कार्यान्वयन योग्य सुझाव दिने गरी परीक्षाका हरेक चरणलाई उत्तिकै महत्व दिएर सन्तुलन गरी प्रस्तुत गर्नु नै मेरो लागि प्रथम स्थान सहितको सफलता प्राप्त भयो भन्ने लाग्यो ।

**४. सार्वजनिक सेवा प्रवाह निष्पक्ष र जनकेन्द्रित हुन सकेको छैन भन्ने जनगुनासो सुनिने गरेको छ । सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन विद्यमान कार्यप्रणाली र व्यवहारमा कस्तो सुधार गर्नुपर्ने सुझाव दिनुहुन्छ ?**

संवैधानिक मान्यता पाएको, नागरिक र सरकारलाई जोड्ने मुलुकी प्रशासन संचालनको मुटु सार्वजनिक सेवा प्रवाह हो । सार्वजनिक सेवा कमजोर हुदा समग्र सार्वजनिक प्रशासनमा समेत ह्रास आउछ । सेवा प्रवाहमा आएको ह्रास र कमजोरीका कारण जनगुनासो बढ्ने हो ।

सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन हामीले कायम गरेका विद्यमान नीति, कानून, संरचना र कार्यप्रणालीसंगै मनोवृति र व्यवहारमा समेत परिर्वतन गर्नु जरूरी छ । सार्वजनिक सेवा प्रवाहको सुधारबाटनै प्रशासनको सुधार हुने हुदाँ सेवा प्रवाहको परम्परागत कार्य शैली लाई आधुनिक, प्रविधि मैत्री, (Face less, Cash less, Distance less, Paperless) बनाई नागरिक /सेवाग्राही मैत्री बनाउन नागरिक सहभागितामा आधारित सेवालाई जोड दिनु आवश्यक छ । जसका लागि राजनीतिक नेतृत्वमा दुरदृष्टि, नीति प्रतिको प्रतिवद्धता स्थायीत्व कायम गर्नुका साथै राजनीति र प्रशासनका वीचमा परिपुरक सम्बन्ध कायम गरी कर्मचारीतन्त्रमा व्यवसायीक निष्ठा सहितको सेवा प्रवाहमा इमान्दारिकता, नैतिकता, आचरणमा शुद्धता र व्यवहारमा पारदर्शिता कायम गर्नु नै सेवा प्रवाहको सुधार हो ।

**५. रोजगार बजारमा रहेका अब्बल जनशक्तिलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्न के-कस्ता कदमहरू चाल्न उपयुक्त हुने देख्नुहुन्छ ?**

बजारमा रहेका अब्बल र योग्य जनशक्ति आर्कषण गरी सार्वजनिक प्रशासनमा भित्र्याई सार्वजनिक सेवालाई नागरिक मुखी बनाउन र सेवाप्रति आर्कषित गर्न सेवाको व्यवसायिक सुरक्षा, वित्तीय सुविधामा बजार अनुकूल हुने गरी मौद्रिक व्यवस्थापनमा जोड, राजनीति र प्रशासनका वीचमा स्थायीत्व, सार्वजनिक सेवाप्रति नागरिक सन्तुष्टिमा वृद्धि र वाह्य हस्तक्षेप रहित सेवाको सुनिश्चितता गरिनु आवश्यक छ। सार्वजनिक सेवामा देखिने नैतिक ह्रास र व्यवसायिक निष्ठामा आएको कमजोरी हटाई नागरिक मैत्री सेवा र कर्मचारीको प्रतिष्ठा बढाउन सके सेवाप्रतिको आकर्षणमा वृद्धि हुनेछ ।

**६. राजपत्राङ्कित द्वितिय श्रेणी, उपसचिव पदको विद्यमान पाठ्यक्रममा केही सुधार गर्नुपर्ने देखु भएको छ कि ?**

राजपत्राङ्कित द्वितिय श्रेणी (उपसचिव) पदलाई व्यवसायिक, निष्ठावान र अन्तर्राष्ट्रियरुपमा समेत प्रतिस्पर्धी बनाउन हाल कायम रहेको विषय र पाठ्यक्रमलाई सैद्धान्तिक भन्दा पनि व्यवहारिक र प्रयोगात्मकसंगै नैतिक शिक्षा कायम गर्ने बिषय थप गर्नु आवश्यक छ । राष्ट्रिय भाषाका साथै अन्तर्राष्ट्रिय भाषामा समेत क्षमतावान हुनुपर्ने भएकाले अंग्रेजी (English) भाषालाई समेत पाठ्यक्रमा राखी व्यवहारिक र देश सुहाउँदो सेवाको कार्यप्रणाली अनुकूल सूचना प्रविधी (IT) लाई समेत पाठ्यक्रममा समावेश गर्न उपयुक्त हुने देख्दछु साथै उपसचिवको पद संगठनको नेतृत्व र व्यवस्थापक पनि भएकोले Skill Test र Speech साहितको Presentation लाई समेत समेटी पाठ्यक्रम समसामयिक परिमार्जन गरी पाठ्यक्रमलाई प्रत्येक ५/५ बर्षमा पुनरावलोकन (Revise) गर्न उपयुक्त हुनेछ ।

**७. छनौट प्रणालीलाई विश्वसनीय तुल्याउन र वैज्ञानिक बनाउन तथा लोक सेवा आयोगप्रतिको भरोसालाई अझ वृद्धि गर्न के-कस्ता कुरामा थप सुधार गर्नुपर्ने देख्नुहुन्छ ? सुझाव दिनुहोस् ।**

लोकसेवा आयोगप्रतिको विश्वासनै व्यवसायिकताको निष्ठा र सेवाप्रतिको प्रतिवद्धता हो । लोकसेवा आयोगले लिने परिक्षा प्रणालीलाई प्रविधीमैत्री बनाउनुका साथै, लिखित परिक्षाको प्राप्ताङ्क हेर्न पाउने व्यवस्था गर्न सके आफ्नो मूल्याङ्कन गर्न सहज हुने थियो । कम्तिमा पनि लोकसेवा आयोगले एक (१) सेट नमुना प्रश्न र उत्तर सहित नमुना प्रश्न/उत्तर नमुनाको रुपमा सार्वजनिक गरिदिन सके विषयवस्तुको ढाँचामा एकरुपता आउने थियो । आयोगको निष्पक्षता र पारदर्शिता नै आयोगको धर्म भएकोले यसैको भरोसाले परिक्षार्थीको संख्यामा बृद्धी हुने र बजारमा रहेका उम्दा उम्मेदवारहरुको आकर्षण हुनेछ । लोक सेवा आयोग आफ्नो गरिमा र भरोसालाई जीवन्त राख्न बाह्य दवाव र प्रभावबाट मुक्त छन्, राजनैतिक प्रवाहमा नपरी आफ्नो कर्म र निष्ठामा अविचालित हुनु नै आयोगप्रतिको उच्च सम्मान र भरोसा हो ।

**राजपत्रांकित तृतीय श्रेणी, इञ्जिनियर पदको प्रतिस्पर्धात्मक परीक्षामा नेपाल इञ्जिनियरिङ्ग सेवातर्फ खुला प्रतियोगितात्मक परीक्षाबाट प्रथम स्थानमा सिफारिस हुनुभएका उम्मेदवार श्री कैलाश गिरीसंग लिइएको अन्तर्वार्ताः**



१. **सर्वप्रथम त निजामती सेवाको राजपत्राङ्कित तृतीय श्रेणी, इन्जिनियर पदमा खुला प्रतिस्पर्धाबाट छनौट हुनु भएकोमा तपाईंलाई हार्दिक बधाई छ । लोक सेवा आयोगले संचालन गर्ने प्रतिस्पर्धात्मक परीक्षामा छनौट हुन पाठ्यक्रममा निर्दिष्ट गरिएका र अन्य सान्दर्भिक विषयवस्तुहरुको अध्ययन तथा तयारी कसरी गर्नुभएको थियो ?**

सर्वप्रथम बधाईका लागि धन्यवाद दिन चाहन्छु। लोक सेवा आयोगको प्रतिस्पर्धात्मक परीक्षामा छनौट हुनका लागि मैले पाठ्यक्रममा समेटिएका सबै विषयवस्तुहरूको अध्ययनलाई प्राथमिकता दिएर तयारी गरें। पहिलो चरणमा पाठ्यक्रमलाई राम्रोसँग बुझेर, यसका महत्वपूर्ण पक्षहरू छुट्याएर समय तालिका तयार गरें। प्रत्येक विषयमा गहिरो अध्ययन गर्दै, विभिन्न स्रोतहरू प्रयोग गरेर सन्दर्भ सामग्रीहरू पनि संकलन गरें। पुराना प्रश्नपत्रहरूको अभ्यासले पनि निकै मद्दत गर्‍यो, जसले परीक्षाको ढाँचा बुझ्न र समय व्यवस्थापन गर्न मलाई सहयोग पुर्‍यायो। यस्तै, सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक पक्षलाई पनि ध्यानमा राख्दै तयारी गरें, जसले मलाई सम्पूर्ण रूपमा तयारी गर्न सक्षम बनायो।

२. **तपाईको अनुभवमा परीक्षाको समयमा प्रश्नहरुको उत्तर कसरी लेख्न उपयुक्त हुन्छ? आफ्नो अनुभवको आधारमा लोक सेवा आयोगको तयारीमा रहेका उम्मेदवारहरुलाई के सुझाव दिनुहुन्छ ?**

लोक सेवा आयोगको परीक्षामा प्रश्नहरूको उत्तर लेख्दा केहि महत्वपूर्ण कुराहरू ध्यानमा राख्नुपर्छ, जुन मेरो अनुभवमा पनि सफलताका प्रमुख कारक बने:

**क. स्पष्टता र संरचना**

उत्तरको संरचनाः प्रत्येक उत्तरलाई एउटा स्पष्ट संरचना दिनुहोस्। उदाहरणका लागि, उत्तरको सुरूवातमा संक्षिप्त परिचय, त्यसपछि मुख्य विवरण, अनि अन्त्यमा निष्कर्ष राख्नुपर्छ। यसले परीक्षकलाई उत्तर सजिलै बुझ्न सहयोग पुर्‍याउँछ।

**संक्षिप्तता र सटीकताः अनावश्यक रूपमा उत्तरलाई लम्ब्याउनुभन्दा संक्षिप्त र सटीक उत्तर दिनु उपयुक्त** हुन्छ। परीक्षामा समय सीमित हुन्छ, त्यसैले मुख्य बुँदाहरूलाई व्यवस्थित र स्पष्ट तरिकाले प्रस्तुत गर्नु राम्रो हुन्छ।

**ख. सम्बन्धित तथ्यहरू र उदाहरणहरू**

चित्र, सुत्र र तथ्यहरूको उच्चतम प्रयोग **उदाहरणहरूः उदाहरणहरूको प्रयोगले उत्तरलाई व्यावहारिक र यथार्थपरक बनाउँछ। खासगरी इन्जिनियरिङ र प्राविधिक** प्रश्नहरूमा प्रासंगिक परियोजना वा केस अध्ययनहरू उल्लेख गर्न सकिन्छ।

**ग. समय व्यवस्थापन**

समयको ख्यालः प्रत्येक प्रश्नमा कति समय दिने भन्ने कुरा पहिल्यै निर्णय गर्नु महत्त्वपूर्ण छ। सबै प्रश्नहरूलाई समान ध्यान दिन समय बाँड्न सक्नुपर्छ, ताकि कुनै प्रश्न छोड्न नपरोस्। कुनै प्रश्नलाई चाहिनेभन्दा बेसी समय र कुनैलाई अपुग हुनदिनु हुदैन। Answer writing practice: समयमै लेख्न सक्ने क्षमता निरन्तर अभ्यासबाट मात्र सम्भव छ। अभ्यासले सही उत्तरको संरचना र लेखनको गति बढाउँछ।

**घ. प्रश्न बुझ्न समय दिनुहोस्**

प्रश्नको माग बुझ्नुस्ः उत्तर लेख्नुअघि प्रश्न के मागिरहेको छ भनेर राम्ररी बुझ्नुहोस्। धेरैजसो विद्यार्थीले प्रश्नलाई बुझ्नै नपाई उत्तर लेख्न थाल्छन्, जसले गर्दा उत्तरले अपेक्षित बुँदा समेट्न सक्दैन। कति प्रश्नहरु दिए यस्ता पनि हुन्छन् कि त्यसको दुई तीनवटा अर्थ लाग्न सक्छ। त्यसैले राम्रो विश्लेषण गरिसकेपछि मात्र प्रश्नको उत्तर लेख्न थाल्नु पर्छ।

प्रश्नको प्रकार अनुसार उत्तर दिनुहोस्ः केही प्रश्नहरू विश्लेषणात्मक हुन्छन् भने केही तथ्यात्मक। त्यसैले प्रश्नको प्रकारअनुसार उत्तरको ढाँचा र गहिराइ समायोजन गर्नुपर्छ।

**ङ. हस्तलेखन र प्रस्तुतिकरण**

सफा हस्तलेखनः उत्तर सफा र सजिलै पढ्न मिल्ने हुनुपर्छ। सामान्य परीक्षा भन्दा यो परीक्षामा लाइन स्पेसिङ थोरै बढाउनुहोस्।

मुख्य बुँदाहरूलाई हाइलाइट गर्नुहोस्ः महत्वपूर्ण बुँदाहरूलाई पारा या टपिक्सहरूमा तोड्न सकिन्छ। त्यसरीनै, उत्तरको मुख्य पोइन्टहरूलाई अन्डरलाइन गरेर देखाउन सकिन्छ। यसले परीक्षकलाई प्रमुख कुराहरू तुरुन्तै देख्न मद्दत गर्दछ।

बुलेट पोइन्ट्सः सकेसम्म प्याराग्राफ कम र बुलेट पोइन्ट्स मा उत्तर लेख्ने प्रयास गर्नुस्।

Flow Diagram and pictorial representation

**३. प्रतिस्पर्धात्मक परीक्षामा तपाईंले आफूलाई सबैभन्दा अब्बल सावित गर्नका लागि गर्नुभएका प्रयासहरुको बारेमा छोटो जानकारी दिनुहोस् । तपाईंलाई यस प्रकारको सफलता प्राप्त गर्न के-कस्ता कुराहरुले महत्वपूर्ण भूमिका निर्वाह गरेका थिए? यस सम्वन्धमा केही बताईदिनुहुन्छ कि ?**

प्रतिस्पर्धात्मक परीक्षामा आफूलाई अब्बल सावित गर्न मैले केही मुख्य रणनीतिहरू अपनाएँ, जसले मेरो तयारीलाई धेरै प्रभावकारी बनायो। मैले सबैभन्दा पहिले पाठ्यक्रमलाई राम्रोसँग बुझेर अध्ययनको लागि ठोस योजना बनाएँ। लामो समयका लक्ष्यहरू सेट गरेर पढाइ सुरु गरें र दैनिक लक्ष्यहरू पूरा गर्दै अघि बढें। निरन्तर अभ्यास मेरो तयारीको महत्वपूर्ण हिस्सा थियो। पुराना प्रश्नपत्रहरू र मोडेल पेपरहरू हल गर्दा परीक्षाको ढाँचा राम्रोसँग बुझ्न सजिलो भयो र समय व्यवस्थापनमा पनि दक्ष भएँ।

अर्को महत्त्वपूर्ण कुरा भनेको स्रोतहरूको उचित छनोट थियो। मैले पाठ्यपुस्तकहरूसँगै सान्दर्भिक सामग्रीहरू र अनलाइन स्रोतहरू पनि प्रयोग गरें, जसले मलाई विषयवस्तु बुझ्न विविध दृष्टिकोण प्रदान गर्‍यो। आत्म-अनुशासन र नियमितता भनेको मेरो तयारीको मेरुदण्ड थियो। तालिकालाई पालना गर्दै अनुशासनमा बस्नाले मेरो पढाइलाई निरन्तरता दियो।

साथीहरूसँग समूह अध्ययन गर्नाले पनि धेरै फाइदा भयो, किनकि जटिल विषयहरूमा विभिन्न दृष्टिकोणबाट छलफल गरेर नयाँ कुरा सिक्ने मौका पाएँ। मानसिक र शारीरिक स्वास्थ्यलाई ध्यानमा राख्दै, ध्यान, योग, र नियमित ब्रेक लिँदा तनाव कम भयो र म निरन्तर ताजगी महसुस गर्न सकें।

यी सबै प्रयासहरूमा अनुशासन, आत्मविश्वास, र सकारात्मक सोचले महत्त्वपूर्ण भूमिका खेले। म आफ्नो तयारीप्रति आत्मविश्वासी थिएँ र जुनसुकै चुनौती आए पनि सकारात्मक सोचले मलाई अघि बढ्न प्रेरित गर्‍यो। यही रणनीति र मेहनतले मैले राम्रो नतिजा प्राप्त गर्न सकें।

**४. सार्वजनिक सेवा प्रवाह निष्पक्ष र जनकेन्द्रित हुन सकेको छैन भन्ने जनगुनासो सुनिने गरेको छ । सार्वजनिक सेवा प्रवाहमा सुधार ल्याउन विद्यमान कार्यप्रणाली र व्यवहारमा कस्तो सुधार गर्नुपर्ने सुझाव दिनुहुन्छ ?**

सार्वजनिक सेवा प्रवाहलाई निष्पक्ष र जनकेन्द्रित बनाउन पहिलो त सेवा प्रवाहमा पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्छ। यसका लागि डिजिटल प्रविधिको प्रयोग गरेर सेवा प्रक्रिया अनलाइन प्रणालीमार्फत पारदर्शी

बनाउन सकिन्छ, जसले सेवाग्राहीले सेवा प्राप्त गर्ने चरणहरूको स्पष्ट जानकारी पाउन सक्छन्। दोस्रो, कर्मचारीतन्त्रमा जनउत्तरदायी भावना विकास गर्न नियमित तालिम र जनमुखी सेवा प्रदान गर्ने क्षमता अभिवृद्धि गर्नुपर्छ। तेस्रो, सेवा प्रवाह process oriented भन्दा पनि result oriented हुनुपर्दछ। सेवाग्राहीले एकै स्थानबाट विभिन्न सेवाहरू प्राप्त गर्न सक्ने व्यवस्था Single Window System लागू गर्नु महत्त्वपूर्ण छ। प्रक्रियामा कम समय लाग्ने र कम जटिलतायुक्त प्रणाली लागू गर्नुपर्ने हुन्छ, जसले सेवाग्राहीलाई झन्झटमुक्त सेवा उपलब्ध गराउन मद्दत पुर्याउँछ। चौथो, जनगुनासो सुन्ने र तत्काल समाधान गर्ने प्रभावकारी प्रणाली स्थापना गर्नुपर्छ, जसले सेवाग्राहीको विश्वास बढाउनेछ। यसरी, सेवा प्रवाहलाई सरल, द्रुत, पारदर्शी, र जनउत्तरदायी बनाउन सुधारात्मक कदमहरू चाल्न सकिन्छ।

**५. रोजगार बजारमा रहेका अब्बल जनशक्तिलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्न के-कस्ता कदमहरू चाल्न उपयुक्त हुने देखुहुन्छ ?**

अहिले नेपाली समाजमा राज्यप्रति चरम नैरस्यता देखिएको छ जुन कुरा विमानस्थलमा विदेश जाने युवाहरूको ओहिरोले देखाउँदछ । त्यसैले रोजगार बजारमा रहेका अब्बल जनशक्तिलाई सार्वजनिक सेवातर्फ आकर्षित गर्नका लागि केही महत्वपूर्ण कदमहरू चाल्न आवश्यक छ । पहिलो, सार्वजनिक सेवामा प्रतिस्पर्धात्मक पारिश्रमिक र सुविधाहरू प्रदान गर्नुपर्छ, ताकि निजी क्षेत्रसँगको आर्थिक अन्तर कम होस् । दोस्रो, सार्वजनिक सेवामा प्रगति र करियर विकासका अवसरहरूलाई स्पष्ट र आकर्षक बनाउनुपर्छ, जसले दक्ष जनशक्तिलाई दीर्घकालीन करियरका लागि प्रेरित गर्छ। तेस्रो, काम गर्ने वातावरणलाई नवीनता र लचिलो बनाउँदै प्राविधिक विकास, अनुसन्धान, र नवप्रवर्तनका अवसरहरूलाई प्रवर्द्धन गर्नुपर्छ। चौथो, सार्वजनिक सेवामा काम गर्दा राष्ट्रियस्तरमा ठूला परियोजनाहरूमा योगदान गर्न पाउने अवसरलाई पनि विशेष रूपमा हाइलाइट गर्न सकिन्छ, जसले जनशक्तिलाई राष्ट्रनिर्माणको महत्त्वपूर्ण अंग बन्ने प्रेरणा दिन्छ। यसका साथै, सरकारी प्रक्रियालाई पारदर्शी, दक्ष, र नतिजा-उन्मुख बनाउन सुधार गर्न सकिएमा योग्य जनशक्तिलाई सार्वजनिक सेवामा आकर्षित गर्न मद्दत हुनेछ ।

**६. राजपत्राङ्कित तृतीय श्रेणी, इन्जिनियर पदको विद्यमान पाठ्यक्रममा केही सुधार गर्नुपर्ने देखु भएको छ कि ?**

राजपत्राङ्कित तृतीय श्रेणी, इन्जिनियर पदको विद्यमान पाठ्यक्रममा केही सुधारको आवश्यकता देखिन्छ। इन्जिनियरिङ सेवाको दोस्रो पत्र मा समग्र इन्जिनियरिङमा पढ्नुपर्ने विषयहरु समावेश गरिएको छ जसको कारणले विभिन्न विषयहरूको परीक्षण १०० अङ्कको परीक्षाले परीक्षण गर्न नसकेको जस्तो मलाई लाग्छ। तसर्थ द्वितीय पत्रको परीक्षालाई दुई तीनवटा पेपरमा विभाजन गरेर अङ्क बढाउनुपर्छ जस्तो मलाई लाग्छ । त्यसरीनै, पाठ्यक्रमलाई अझ व्यावहारिक र समसामयिक बनाउन प्राविधिक ज्ञानसँगै परियोजना व्यवस्थापन, नवीन प्रविधिहरू, र दिगो विकाससम्बन्धी विषयवस्तुहरूको समावेश गर्नुपर्छ । यसले परीक्षार्थीलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न योग्य बनाउनेछ। साथै, पाठ्यक्रमलाई नियमित रूपमा अद्यावधिक गरी नयाँ नीतिहरू, नियमावली, र प्रविधिहरूसँग सुसंगत बनाउनु महत्वपूर्ण हुन्छ।

**७. छनौट प्रणालीलाई विश्वसनीय तुल्याउन र वैज्ञानिक बनाउन तथा लोक सेवा आयोगप्रतिको भरोसालाई अझ वृद्धि गर्न के-कस्ता कुरामा थप सुधार गर्नुपर्ने देखुहुन्छ ? सुझाव दिनुहोस् ।**

छनोट प्रणालीलाई विश्वसनीय र वैज्ञानिक बनाउन केही सुधारहरू आवश्यक छन्। पहिलो, परीक्षाको सम्पूर्ण प्रक्रिया डिजिटल र पारदर्शी बनाउनुपर्छ, जसमा अनलाइन आवेदन, प्रथम पत्रको कम्प्युटर आधारित परीक्षा गर्न सकिन्छ। यसले परीक्षामा हुने सम्भावित त्रुटिहरूलाई कम गराएर प्रक्रियालाई विश्वसनीय बनाउँछ। दोस्रो, परीक्षार्थीको बहुआयामिक मूल्याङ्कनका लागि केवल लिखित परीक्षा मात्र नभएर व्यावहारिक र सैद्धान्तिक सीपहरूको परीक्षण गर्नुपर्छ, जसमा समस्या समाधान क्षमता, विश्लेषणात्मक सोच, र नेतृत्व क्षमता पनि समावेश गर्न सकिन्छ। तेस्रो, पाठ्यक्रमलाई नियमित रूपमा अद्यावधिक गरी नयाँ नीतिहरू, प्रविधि, र राष्ट्रिय आवश्यकता अनुसार सुधार गर्नुपर्छ। र सबैभन्दा महत्त्वपूर्ण, परीक्षामा नतिजा प्रकाशन प्रक्रिया पनि छिटो र पारदर्शी बनाउन सुधार गर्नु जरुरी छ, जसले लोक सेवा आयोगप्रतिको जनविश्वासलाई अझ सुदृढ गर्नेछ।

## १९. स्वत: प्रकाशन (Proactive Disclosure)

सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) तथा सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम (३) बमोजिमको सार्वजनिक निकायहरुले गर्नुपर्ने स्वत: प्रकाशन (Proactive Disclosure) सम्बन्धी विवरण ।

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| १. | निकायको स्वरूप र प्रकृति | संवैधानिक निकाय |
| २. | निकायको काम, कर्तव्य र अधिकार | नेपालको संविधानको धारा २४३ मा व्यवस्था भए बमोजिम । |
| ३. | निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण | विभिन्न पदका ३९९ जना (राजपत्रांकित श्रेणीतर्फ १३२, राजपत्र अनंकित श्रेणीतर्फ १६१ र श्रेणी विहीनतर्फ १०६),कार्य विवरण धेरै पदको रहेकोले कार्यालयमा सम्पर्क गरी हेर्न सकिनेछ । |
| ४. | निकायबाट प्रदान गरिने सेवा | माग तथा पदपूर्ति निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन/सूचना प्रकाशन, परीक्षा सञ्चालन, अन्तर्वार्ता, छनौट तथा सिफारिस, संविधान तथा ऐन, नियममा उल्लेखित विषयहरु<br>(नियुक्ति, बढुवा, विभागीय कारवाही, सामान्य सिद्धान्त, सेवा शर्त) मा परामर्श माग भई आएमा परामर्श प्रदान, उजुरी उपर टुंगो लगाउने आदि । |

| क्र.सं. | विवरण | क्र. सं. | महाशाखा र महाशाखा प्रमुखको नाम | शाखाहरुको नाम | शाखा प्रमुखहरुको नाम (उपसचिव) |
|---|---|---|---|---|---|
| ५. | सेवा प्रदान गर्ने निकायको महाशाखा एवं शाखा र जिम्मेवार अधिकारी | १. | प्रशासन तथा निरीक्षण महाशाखा<br>सहसचिव<br>गीता कुमारी होमेगाई | क) सूचना तथा प्रकाशन शाखा | एकनारायण शर्मा |
| | | | | ख) प्रशासन शाखा | चुरामणी मरासिनी |
| | | | | ग) आर्थिक प्रशासन शाखा | विष्णुहरि बराल |
| | | | | घ) सूचना सञ्चार प्रविधि शाखा | डा. रामगोविन्द अर्याल |
| | | २. | अन्तर्वार्ता तथा सिफारिस महाशाखा<br>सहसचिव<br>शिवराम न्यौपाने | क) प्रश्नपत्र परिमार्जन शाखा | राजन राई |
| | | | | ख) अन्तर्वार्ता तथा सिफारिश शाखा | कुमारप्रसाद कोइराला |
| | | | | ग) प्रश्नपत्र परिमार्जन शाखा (सुरक्षा निकाय तथा संगठित संस्था) | वीरेन्द्र बहादुर स्वाँर |
| | | ३. | परीक्षा महाशाखा<br>सहसचिव<br>डा.मुक्तिप्रसाद पाण्डे | क) परीक्षा सञ्चालन शाखा | पवनकुमार तिमल्सिना |
| | | | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा (अप्राविधिक) | दुर्गाप्रसाद पराजुली |
| | | | | ग) लिखित परीक्षा नतिजा तयारी शाखा (प्राविधिक) | दिपक खड्का |
| | | | | घ) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | उमेशकुमार पोखरेल |
| | | ४. | परीक्षण प्रविधि, अनुसन्धान तथा पाठ्यक्रम महाशाखा<br>डा.खगेन्द्र प्रसाद सुवेदी | क) परीक्षण प्रविधि शाखा | सर्मुनलाल शाक्य |
| | | | | ख) पाठ्यक्रम तथा मूल्याङ्कन शाखा | कृष्ण जि.सी. |
| | | | | ग) अनुसन्धान तथा विकास शाखा | अर्जुनप्रसाद रेग्मी |
| | | ५. | कानून महाशाखा<br>सहसचिव<br>पुष्कर सापकोटा | क) नीति नियम तथा अभिलेख शाखा | कृष्णप्रसाद आचार्य |
| | | | | ख) उजुरी तथा विभागीय सजाय परामर्श शाखा | सन्तोषप्रसाद तिमल्सिना |
| | | ६. | सुरक्षा निकाय तथा संगठित संस्था महाशाखा<br>यज्ञराज ढुङेल | क) लिखित परीक्षा सञ्चालन शाखा | युवराज पोखरेल |
| | | | | ख) लिखित परीक्षा नतिजा तयारी शाखा | निरञ्जन श्रेष्ठ |
| | | | | ग) लिखित परीक्षा नतिजा प्रकाशन शाखा | कूलप्रसाद सापकोटा |

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| ६. | सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि | कामको प्रकृति अनुसार फरक फरक हुने । (आयोगको नागरिक वडापत्रमा उल्लेख गरिएको) |
| ७. | निर्णय गर्ने प्रक्रिया र अधिकारी | छलफल, कार्यदल, टिप्पणी, प्रस्ताव (नागरिक वडापत्रमा उल्लेख गरिएको) |
| ८. | निर्णय उपर उजुरी सुन्ने अधिकारी | अधिकार प्रत्यायोजन अनुसार सहसचिवहरु, सचिव, आयोगका माननीय सदस्यहरु, माननीय अध्यक्ष, सम्बन्धित अदालतहरु |

| क्र.सं. | विवरण | व्यवस्था |
|---|---|---|
| ९. | सम्पादन गरेको कामको विवरण | माग तथा पदपूर्तिको निरीक्षण, माग संकलन, प्रतिशत निर्धारण, विज्ञापन, सूचना प्रकाशन, पाठ्यक्रम निर्धारण, शैक्षिक योग्यता निर्धारणमा सहयोग, परीक्षा सञ्चालन, उपयुक्त उमेदवारको छनौट तथा सिफारिश, बढुवा उजुरीको सुनुवाई, पदपूर्ति सम्बन्धी सामान्य सिद्धान्तहरुको निर्माण, विभागीय कारवाही लगायत विषयमा परामर्श माग भई आएमा परामर्श प्रदान आदि |
| १०. | प्रमुख सूचना अधिकारीको नाम र थर | सचिव डिल्लीराम शर्मा<br>प्रवक्ता गीताकुमारी होमेगाईं (सहसचिव)<br>सूचना अधिकारी एकनारायण शर्मा (उपसचिव) |
| ११. | आयोगले आफ्नो कार्यसम्पादनका क्रममा आधार लिने गरेका ऐन, नियम, विनियम वा निर्देशिकाको सूची | • नेपालको संविधान<br>• लोक सेवा आयोग ऐन, २०७९ तथा लोक सेवा आयोग नियमावली, २०७९<br>• निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०<br>• नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्वास्थ्य सेवा नियमावली, २०५५<br>• संघीय संसद सचिवालय सम्बन्धी ऐन, २०६४ तथा संघीय संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५<br>• राष्ट्रिय मानव अधिकार आयोगका कर्मचारीको सेवा शर्त र सुविधा सम्बन्धी नियमावली, २०७२<br>• संगठित संस्थाका कर्मचारीका सेवा, शर्त सम्बन्धी कानुन, बढुवा र विभागीय कारवाही सम्बन्धी कानूनी सिद्धान्त, २०७४<br>• सुरक्षा निकाय, अन्य संघीय सरकारी सेवा र संगठित संस्थाका पदपूर्तिको लागि लिइने परीक्षाको पाठ्यक्रम सम्बन्धी मापदण्ड, २०७९<br>• विभिन्न सेवा, समूह सञ्चालन सम्बन्धी प्रचलित ऐन तथा नियमावलीहरु<br>• सुरक्षा निकायहरु (नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, राष्ट्रिय अनुसन्धान विभाग) तथा संगठित संस्थाहरु सम्बन्धी ऐन, नियमावलीहरु<br>• लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिका, २०७९<br>• लोक सेवा आयोगको कार्य पद्धति दिग्दर्शन, २०७०<br>• लोक सेवा आयोगका पदाधिकारी एवं दक्ष/विज्ञ र कर्मचारीहरुको आचार संहिता, २०६९<br>• लोक सेवा आयोगबाट जारी विभिन्न निर्देशिका तथा लोक सेवा आयोगका समय-समयका निर्णयहरु<br>• सर्वोच्च अदालतबाट प्रतिपादित नजिरहरु<br>• लोक सेवा आयोगबाट प्रतिपादित सिद्धान्तहरु<br>• अन्य प्रचलित ऐन, नियम र निर्देशिकाहरु |
| १२. | आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरण | आर्थिक प्रशासन सम्बन्धी विवरण सम्बन्धित शाखाबाट मासिक रुपमा आयोगको सूचना पाटीमा सार्वजनिक गर्ने गरेको |
| १३. | तोकिए बमोजिम अन्य विवरण | |
| (क) | सार्वजनिक निकायको वेबसाइट भए सो को विवरण | website: www.psc.gov.np<br>email: info@psc.gov.np |
| (ख) | सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएको वा हुने भए सो को विवरण | आयोगको वेबसाइट www.psc.gov.np<br>हरेक बुधबार गोरखापत्रमा नियमित रुपमा (आवश्यकता अनुसार अन्य बारहरुमा पनि)<br>आयोगबाट साप्ताहिक रुपमा प्रकाशन हुने बुलेटिन (सूचनापत्र),<br>आयोगबाट त्रैमासिक रुपमा प्रकाशन हुने समाचारपत्र,<br>निजामती सेवा पत्रिका (प्रत्येक ६/६ महिनामा वा आवश्यक्ता अनुसार संयुक्त अंकको रुपमा वार्षिक रुपमासमेत),<br>लोक सेवा आयोगको प्रतिवेदन (वार्षिक रुपमा)<br>रेडियो नेपाल (प्रत्येक बुधबार राती ९:०० बजेको समाचारपछि) मा प्रकाशन तथा प्रशारण हुने |

**लोक सेवा आयोग अन्तर्गत निकायहरुका सूचना अधिकारीहरुको विवरण**

| क्र.सं. | निकायहरुको नाम | पद | सूचना अधिकारीको, नाम र थर | कार्यालयको सम्पर्क नं. | मोबाइल नं. |
|---|---|---|---|---|---|
| १. | धनकुटा कार्यालय | शाखा अधिकृत | श्री विदुर गौतम | ०२६-५२२१५१ | ९८५२६२९८०३ |
| २. | जलेश्वर कार्यालय | शाखा अधिकृत | श्री भीषम राई | ०४४-५२०१४७ | ९७४४३६३९६७ |
| ३. | काठमाडौं कार्यालय | शाखा अधिकृत | श्री पुष्पराज खनाल | ०१-४११५८३३ | ९८५११५७४१७ |
| ४. | पोखरा कार्यालय | शाखा अधिकृत | श्री विष्णुप्रसाद भट्टराई | ०६१-४५३५०६ | ९८५६०८५१४५ |
| ५. | बुटवल कार्यालय | शाखा अधिकृत | श्री हर्कबहादुर रोका | ०७१-५४०२०७ | ९८५६०१०७४४ |
| ६. | सुर्खेत कार्यालय | शाखा अधिकृत | श्री हरिशचन्द जोशी | ०८३-५२०१०६ | ९८५८७५२८४४ |
| ७. | दिपायल कार्यालय | शाखा अधिकृत | श्री हरिजंग चन्द | ०९४-४४०१४७ | ९८५१२१५४४६ |
| ८. | इलाम कार्यालय | शाखा अधिकृत | श्री छविलाल श्रेष्ठ | ०२७-५२००६२ | ९८५२६३८६२९ |
| ९. | खोटाङ कार्यालय | शाखा अधिकृत | श्री गोपाल शर्मा | ०३६-४२०१७७ | ९८५१२०००४८ |
| १०. | हेटौंडा कार्यालय | शाखा अधिकृत | श्री बद्रीनाथ सापकोटा | ०५७-५२०३०२ | ९८५५०७९७११ |
| ११. | बागलुङ कार्यालय | शाखा अधिकृत | श्री खड्कबहादुर रोकाया | ०६८-५२२६४७ | ९८५७६२४१४७ |
| १२. | दाङ कार्यालय | शाखा अधिकृत | श्री रमेश घिमिरे | ०८२-५२००१३ | ९८४५६४९९९९ |
| १३. | जुम्ला कार्यालय | शाखा अधिकृत | श्री घाडरी लामा | ०८७-५२०००८ | ९८४३२४१३८९ |
| १४. | महेन्द्रनगर कार्यालय | शाखा अधिकृत | श्री कृष्ण बस्याल | ०९९-५२१२०९ | ९८५११६६६७२ |
| १५. | दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर | शाखा अधिकृत | श्री मनोजकुमार पोखरेल | ०१-४७७१२१४ | ९८५११०८३७८ |

## २०. सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली, २०६५ बमोजिम आयोग र मातहतका निकायहरुबाट सूचना माग र फछ्र्यौट सम्बन्धी विवरण।

| क्र.सं. | सूचना माग कर्ताको नाम र ठेगाना | माग भएको सूचनाको विवरण | सूचना माग भएको मिति | फछ्यौटको विवरण |
|---|---|---|---|---|
| १. | शारदा भूषाल झा थापागाउँ, चन्द्रागिरी न.पा.-१३, काठमाडौं | समावेशी पद गणना सम्बन्धमा | २०८१/४/१६ | विभिन्न ऐन र निर्देशिका बमोजिम हुने भनी सूचना उपलब्ध गराइएको |
| २. | रुक्सना कपाली ललितपुर-१६, ललितपुर | निजामती सेवा ऐनको संशोधन सम्बन्धमा | २०८१/५/३० | आयोगमा संशोधन सम्बन्धमा कुनै कार्य नभएको भनी सूचना उपलब्ध गराइएको |
| ३. | शारदा भूषाल झा थापागाउँ, चन्द्रागिरी न.पा.-१३, काठमाडौं | शारदा भूषाल झाले सूचनाको लागि माग गरेको सम्बन्धमा | २०८१/६/१० | विवरण खुलाई पठाइएको |

# लोक सेवा आयोग

## आ.व. २०८१/०८२ को पदपूर्ति सम्बन्धी
## वार्षिक कार्यतालिका-१

**(निजामती सेवा, नेपाल स्वास्थ्य सेवा, व्यवस्थापिका संसद सेवा तथा राष्ट्रिय मानव अधिकार सेवाका विभिन्न पदहरु**

| क्र.सं. | श्रेणी/तह | पदपूर्तिको किसिम | प्रतिशत निर्धारण | विज्ञापन / सूचना प्रकाशन | परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा | अन्तर्वार्ता र सिफारिस |
|---|---|---|---|---|---|---|---|
| १. | राजपत्रांकित विशिष्ट श्रेणी | बढुवा | आवश्यकता अनुसार | - | - | - | - |
| २. | राजपत्रांकित प्रथम श्रेणी (प्राविधिक र अप्राविधिक) तथा अधिकृत प्रथम# | खुला, आ.प्र | भदौ/असोज | असोज अन्तिम बुधबार | मंसिर | पुस/माघ | फागुन/चैत |
| | | बढुवा | | | | | |
| ३. | राजपत्रांकित द्वितीय श्रेणी (प्राविधिक र अप्राविधिक) तथा अधिकृत द्वितीय# | खुला, आ.प्र. | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | बढुवा | | | | | |
| ४. | स्वास्थ्य सेवा, एघारौं र नवौं तह | खुला, आ.प्र. | भदौ/असोज | असोज अन्तिम बुधबार | पुस/माघ | फागुन/चैत | चैत/वैशाख |
| | | बढुवा | | | | | |
| ५. | राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) | खुला, आ.प्र.* | असोज/कात्तिक | कात्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत/वैशाख | जेठ/असार |
| | | बढुवा | | | | | |
| ६. | स्वास्थ्य सेवा, आठौं तह | खुला | असोज/कात्तिक | कात्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत/वैशाख | जेठ/असार |
| ७. | स्वास्थ्य सेवा, सातौं तह | खुला, आ.प्र. | असोज/कात्तिक | कात्तिक अन्तिम बुधबार | माघ/फागुन | चैत/वैशाख | जेठ/असार |
| | | बढुवा | | | | | |
| ८. | राजपत्रांकित तृतीय श्रेणी (अप्राविधिक) तथा अधिकृत तृतीय# | खुला - प्रथम चरण | कात्तिक/मंसिर | मंसिर अन्तिम बुधबार | माघ | फागुन | |
| | | खुला - द्वितीय चरण | | | चैत | जेठ | साउन/भदौ |
| | | आ.प्र.* | | | चैत | जेठ | साउन/भदौ |
| | | बढुवा | | | | | |
| ९. | राजपत्र अनंकित प्रथम श्रेणी (अप्राविधिक) तथा सहायक प्रथम# | खुला - प्रथम चरण | मंसिर/पुष | पुस अन्तिम बुधबार | फागुन | चैत | |
| | | खुला - द्वितीय चरण | | | वैशाख | साउन/भदौ | भदौ/असोज |
| | | बढुवा | | | | | |
| १०. | राजपत्र अनंकित प्रथम श्रेणी (प्राविधिक) | खुला | पुस/माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | साउन/भदौ |
| | | बढुवा | | | | | |
| ११. | स्वास्थ्य सेवा, पाँचौं तह | खुला, आ.प्र. | पुस/माघ | माघ अन्तिम बुधबार | वैशाख | जेठ | साउन/भदौ |
| | | बढुवा | | | | | |
| १२. | राजपत्र अनंकित द्वितीय श्रेणी (अप्राविधिक) तथा सहायक द्वितीय# | आ.प्र. | माघ/फागुन | फागुन अन्तिम बुधबार | जेठ/असार | भदौ/असोज | असोज/कात्तिक |
| | | खुला - प्रथम चरण | | | वैशाख | जेठ | |
| | | खुला - द्वितीय चरण | | | जेठ/असार | भदौ/असोज | असोज/कात्तिक |
| | | बढुवा | | | | | |
| १३. | राजपत्र अनंकित द्वितीय श्रेणी (प्राविधिक) | खुला, आ.प्र. | फागुन/चैत | चैत अन्तिम बुधबार | जेठ | असार | साउन |
| | | बढुवा | | | | | |
| १४. | स्वास्थ्य सेवाका चौथो तह | खुला | फागुन/चैत | चैत अन्तिम बुधबार | जेठ | असार | साउन |
| १५. | अन्य | आवश्यकता अनुसार | | | | | |

*** व्यवस्थापिका संसद सेवाका लागि मात्र**
**#राष्ट्रिय मानव अधिकार सेवाका लागि मात्र**

**द्रष्टव्य:**

**१. नेपाल सरकारबाट पदपूर्तिका लागि माग प्राप्त नभएको खण्डमा तत्सम्बन्धी कामकारवाही कार्यतालिका बमोजिम हुने छैन।**

# आ.व. २०८१/०८२ को पदपूर्ति सम्बन्धी
# वार्षिक कार्यतालिका-२

## (सुरक्षा निकाय तथा संगठित संस्थाहरुका विभिन्न पदहरु)

| क्र.सं. | निकाय / पद | पदपूर्ति किसिम | प्रतिशत निर्धारण/ सहमति प्रदान | विज्ञापन/ सूचना प्रकाशन | लिखित परीक्षा सञ्चालन | लिखित परीक्षा नतिजा प्रकाशन |
|---|---|---|---|---|---|---|
| अ) | **सुरक्षा निकाय** | | | | | |
| १. | **नेपाली सेना** | | | | | |
| | अधिकृत क्याडेट | खुला | साउन | साउन/भदौ | कात्तिक/मंसिर | पुस/माघ |
| | पदिक तथा विल्लादार अधिकृत क्याडेट | आ.प्र. | साउन | कात्तिक/मंसिर | मंसिर/पुस | माघ/फागुन |
| | प्राड/प्राविधिक/हवाई/विविध सेवाका अधिकृत | खुला/आ.प्र. | असोज | असोज/कात्तिक | पुस/माघ | फागुन/चैत |
| | सैन्य तथा विभिन्न ट्रेडका फलोअर्स (प्रथम पटक) | खुला | असोज | असोज/कात्तिक | मंसिर/पुस | पुस/माघ |
| | प्राड/प्राविधिक/हवाई/विविध सेवाका पदिक तथा विल्लादार (प्रथम पटक) | खुला/आ.प्र. | कात्तिक | कात्तिक/मंसिर | माघ/फागुन | चैत/वैशाख |
| | सैन्य (दोस्रो पटक) | खुला | फागुन | फागुन/चैत | वैशाख/जेठ | जेठ/असार |
| | प्राड/प्राविधिक/हवाई/विविध सेवाका पदिक तथा विल्लादार (दोस्रो पटक) | खुला/आ.प्र. | फागुन | फागुन/चैत | वैशाख/जेठ | जेठ/असार |
| २. | **नेपाल प्रहरी** | | | | | |
| | प्रहरी निरीक्षक/ प्रहरी सहायक निरीक्षक (प्रथम पटक) | खुला | साउन | साउन/भदौ | कात्तिक/मंसिर | पुस/माघ |
| | प्रहरी जवान (जनपद)/ प्रहरी कार्यालय सहयोगी | खुला | असोज | असोज/कात्तिक | पुस/माघ | फागुन/चैत |
| | प्रहरी निरीक्षक/ प्रहरी सहायक निरीक्षक (दोस्रो पटक) | खुला | माघ | माघ/फागुन | वैशाख/जेठ | जेठ/असार |
| | प्राविधिक सिनियर प्रहरी अधिकृत/ प्राविधिक जुनियर प्रहरी अधिकृत | खुला | माघ | माघ/फागुन | वैशाख/जेठ | जेठ/असार |
| | प्रहरी जवान (प्राविधिक) | खुला | माघ | माघ/फागुन | चैत/वैशाख | जेठ/असार |
| ३. | **सशस्त्र प्रहरी बल नेपाल** | | | | | |
| | सशस्त्र प्रहरी निरीक्षक/ सशस्त्र प्रहरी नायब निरीक्षक /सशस्त्र प्रहरी सहायक निरीक्षक/सत्रस्त्र प्रहरी हबल्दार (प्राविधिक) (प्रथम पटक) | खुला | भदौ | भदौ/असोज | मंसिर/पुस | पुस/माघ |
| | सशस्त्र प्रहरी जवान/ सशस्त्र प्रहरी परिचर (साधारण) | खुला | मंसिर | मंसिर/पुस | फागुन/चैत | वैशाख/जेठ |
| | सशस्त्र प्रहरी निरीक्षक/सशस्त्र प्रहरी सहायक निरीक्षक (साधारण समूह) | खुला | पुस | पुस/माघ | फागुन/चैत | वैशाख/जेठ |
| | सशस्त्र प्रहरी निरीक्षक (साधारण समूह, कानून उपसमूह/लेखा उपसमूह) | खुला | पुस | पुस/माघ | फागुन/चैत | वैशाख/जेठ |
| | सशस्त्र प्रहरी निरीक्षक/सशस्त्र प्रहरी नायब निरीक्षक (प्राविधिक) (दोस्रो पटक) | खुला | फागुन | फागुन/चैत | चैत/वैशाख | जेठ/असार |
| | सशस्त्र प्रहरी नायब उपरीक्षक (प्राविधिक) | खुला | चैत | चैत/वैशाख | वैशाख/जेठ | जेठ/असार |
| ४. | **राष्ट्रिय अनुसन्धान विभाग** | | | | | |
| | अनुसन्धान अधिकृत/ अनुसन्धान सहायक | खुला | भदौ | भदौ/असोज | मंसिर/पुस | फागुन/चैत |
| | सहायक सूचक | खुला | माघ | माघ/फागुन | चैत/वैशाख | जेठ/असार |
| आ) | **संगठित संस्था** | | | | | |
| १. | औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड, नेपाल आयल निगम, नेपाल धितोपत्र बोर्ड, नेपाल राष्ट्र बैङ्क, व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र, सांस्कृतिक संस्थान, शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र | खुला | साउन | साउन/भदौ | असोज/कात्तिक | मंसिर/पुस |
| २. | काठमाडौं उपत्यका खानेपानी लिमिटेड, काठमाडौं उपत्यका विकास प्राधिकरण, कृषि सामग्री कम्पनी लिमिटेड, जनक शिक्षा सामग्री केन्द्र लिमिटेड, नेपाल इन्जिनियरिङ परिषद, नेपाल पारवहन तथा गोदाम व्यवस्थापन कम्पनी लिमिटेड, नेपाल पुनर्बीमा कम्पनी लिमिटेड, नेपाल विद्युत प्राधिकरण, सामाजिक सुरक्षा कोष, हाइड्रोइलेक्ट्रिसिटी इन्भेष्टमेण्ट एण्ड डेभलपमेण्ट कम्पनी लिमिटेड, | खुला | भदौ | भदौ/असोज | कात्तिक/मंसिर | पुस/माघ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | गुठी संस्थान, नागरिक लगानी कोष, नेपाल इन्टरमोडल यातायात विकास समिति, नेपाल बीमा प्राधिकरण, नेपाल वायुसेवा निगम, नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान, भानु जन्मस्थल विकास समिति, राष्ट्रिय चिया तथा कफी विकास बोर्ड, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, शहीद धर्मभक्त राष्ट्रिय प्रत्यारोपण केन्द्र, सिंहदरबार वैद्यखाना विकास समिति, सिडिएस. एण्ड क्लियरिङ्ग लिमिटेड | खुला | असोज | असोज/कात्तिक | मंसिर/पुस | माघ/फागुन |
| ४. | आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, कर्णाली स्वास्थ्य विज्ञान प्रतिष्ठान, नेपाल औषधि लिमिटेड, नेपाल खानेपानी संस्थान, नेपाल पर्यटन बोर्ड, पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, विश्वविद्यालय अनुदान आयोग, साझा यातायात, साझा स्वास्थ्य सेवा सहकारी संस्था लिमिटेड | खुला | कात्तिक | कात्तिक/मंसिर | पुस/माघ | फागुन/चैत |
| ५. | खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड, उदयपुर सिमेण्ट उद्योग लिमिटेड, कालिमाटी तरकारी तथा फलफूल विकास समिति, जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेड, नागरिक स्टक डिलर, नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, नेपाल रेल्वे कम्पनी लिमिटेड, परोपकार प्रसुति तथा स्त्रीरोग अस्पताल विकास समिति, पशुपति क्षेत्र विकास कोष, भेरी अस्पताल विकास समिति, राष्ट्रिय आवास कम्पनी लिमिटेड, राष्ट्रिय ट्रमा सेन्टर, राष्ट्रिय न्यायिक प्रतिष्ठान, वी.पी.कोइराला मेमोरियल क्यान्सर अस्पताल, वैकल्पिक उर्जा प्रवर्द्धन केन्द्र, हेटौंडा सिमेण्ट उद्योग लिमिटेड | खुला | मंसिर | मंसिर/पुस | फागुन/चैत | चैत/वैशाख |
| ६. | कानून किताव व्यवस्था समिति, कृषि विकास बैंक लिमिटेड, केन्द्रीय कानून पुस्तकालय विकास समिति, गोरखापत्र संस्थान, दुग्ध विकास संस्थान, निक्षेप तथा कर्जा सुरक्षण कोष, नेपाल नोटरी पब्लिक परिषद्, नेपाल मेडिकल काउन्सिल, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, बौद्धदर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति, राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, राष्ट्रिय प्रसारण ग्रीड कम्पनी लिमिटेड, राष्ट्रिय जीवन बीमा कम्पनी लिमिटेड, राष्ट्रिय विधि विज्ञान प्रयोगशाला, लुम्बिनी विकास कोष, विद्युत नियमन आयोग, हेटौंडा अस्पताल विकास समिति, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड | खुला | पुस | पुस/माघ | फागुन/चैत | वैशाख/जेठ |
| ७. | अन्तर्राष्ट्रिय सम्मेलन केन्द्र विकास समिति, काठमाडौं उपत्यका खानेपानी व्यवस्थापन बोर्ड, तारागाउँ विकास समिति, नगर विकास कोष, नेपाल चार्टर्ड एकाउण्टेण्टस् संस्था, नेपाल टेलिभिजन, नेपाल दूरसञ्चार कम्पनी लि. (नेपाल टेलिकम), नेपाल दूरसञ्चार प्राधिकरण, नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान, नेपाल प्रज्ञा-प्रतिष्ठान सेवा आयोग, नेपाल बैंक लिमिटेड, नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, नेपाल वन निगम, नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान, नेपाल स्वास्थ्य अनुसन्धान परिषद्, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठान सेवा आयोग, राष्ट्रिय परीक्षा बोर्ड, राष्ट्रिय समाचार समिति, समाज कल्याण परिषद् | खुला | माघ | माघ/ फागुन | चैत/वैशाख | जेठ/असार |
| ८. | कर्मचारी सञ्चय कोष, चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान, निजामती कर्मचारी अस्पताल, नेपाल कृषि अनुसन्धान परिषद्, नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान, पाथिभरा क्षेत्र विकास समिति, प्रेस काउन्सिल नेपाल, राष्ट्रिय खेलकूद परिषद्, राष्ट्रिय बीमा कम्पनी लिमिटेड, राष्ट्रिय वाणिज्य बैंक, राष्ट्रिय सहकारी विकास वोर्ड, रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल), विशाल बजार कम्पनी लिमिटेड, साझा प्रकाशन | खुला | फागुन | फागुन/चैत | वैशाख/जेठ | जेठ/असार |
| ९. | थप संगठित संस्थाहरु | | रितपूर्वक माग भै आएको अवस्थामा आयोगको निर्णय बमोजिम हुने | | | |

**नोट :**

१. अदालतमा मुद्दा विचाराधीन रही पदपूर्ति प्रक्रिया रोकिएका निकायको हकमा आदेश प्राप्त भएमा पदपूर्ति प्रक्रिया सञ्चालन गरिनेछ ।

२. अदालतको आदेश/फैसला तथा फैसला कार्यान्वयनको क्रममा उल्लिखित कार्यतालिकामा फेरबदल हुन सक्नेछ ।

३। पदपूर्ति सम्बन्धी विज्ञापन सम्बन्धित सूरक्षा निकाय/संस्थाबाट हुनेछ ।